# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १२५ | काठमाडौं | मंगलबार, १० भदौ २०८२ | Prabhab National Daily | Tuesday, 26 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# राज्य व्यवस्था समितिमा सभापति चयन हुँदै

## सत्तापक्षबाट कांग्रेसका पाँच जना आकांक्षी, साझा उम्मेदवार बनाउने तयारीमा प्रतिपक्षी




- ‘कुलिङ अफ पिरियड’ प्रकरणपछि रामहरि खतिवडाले राजीनामा दिएसँगै रिक्त राज्य व्यवस्था समितिको सभापति पदमा बुधबार निर्वाचन हुँदै
- कांग्रेस सांसदहरु दिलेन्द्र बडू, हृदयराम थानी, अम्बिका बस्नेत, ईश्वरीदेवी न्यौपाने र सरिता प्रसाईंको नाम चर्चामा
- २७ सदस्यीय समितिमा कांग्रेसका नौ, एमालेका छ, लोसपा, जनमत पार्टी र जसपाका तीन गरी सत्तापक्षसँग १८ सांसद

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रामहरि खतिवडाको राजीनामापछि रिक्त प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समिति सभापति चयन प्रक्रिया सुरु भएको छ । नेपाली कांग्रेसका सांसद खतिवडाले निजामती सेवा विधेयकको ‘कुलिङ अफ पिरियड’मा हेरफेर गरेको प्रकरणमा मुछिएपछि राजीनामा दिएका थिए ।

सभामुख देवराज घिमिरेले नयाँ सभापति चयन प्रक्रिया सुरू गरेका हुन् । सभापतिका लागि सत्तारुढ दल नेपाली कांग्रेसबाट पाँच जना आकांक्षी देखिएका छन् । प्रतिपक्षी दलहरूले साझा उम्मेदवार तय गर्ने जानकारी दिइएको छ ।

क्रमशः पृष्ठ २ मा

### कसको पक्षमा कति मत ?

प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा २७ सदस्य रहेका छन् । जसमा सत्तापक्षको प्रस्ट बहुमत रहेको छ । प्रतिपक्षीका मात्र नौ सांसद रहेका छन् ।

कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा, दिलेन्द्र बडू, सरिता प्रसाईं, हृदयराम थानी, ईश्वरीदेवी न्यौपाने, रामहरि खतिवडा र अम्बिका बस्नेत गरी नौ जना सदस्य छन् । नेकपा एमालेका कृष्णगोपाल श्रेष्ठ, मेनका पोखेल, बासुदेव घिमिरे, लीलानाथ श्रेष्ठ, राजेन्द्रकुमार राई र पदम गिरी पनि यही समितिका सदस्य छन् । एमाले र कांग्रेस मिल्दा समितिमा दुई दलको सांसद संख्या १५ पुग्छ । यो सभापतिका लागि बहुमत हो ।

क्रमशः पृष्ठ २ मा

# बल्झियो ‘इम्बोस्ड नम्बर’ विवाद

## पूर्वाधारविनै अनिवार्य गर्दै सरकार, विरोधमा यातायात व्यवसायी र सर्वसाधारण

■ **जेबी योञ्जन**




**काठमाडौं–** सरकारले आवश्यक पूर्वाधार र तयारीविनै इम्बोस्ड नम्बर प्लेट जडानलाई अनिवार्य बनाउन लागेको छ । उच्च प्रविधियुक्त मानिएको इम्बोस्ड नम्बर प्लेटलाई सवारीसाधनमा आगामी १ असोजदेखि अनिवार्य गर्न लागिएको हो ।

तर, प्रत्येक प्रदेशको मुख्य राजमार्गको प्रवेशबिन्दुमा निर्माण गर्ने भनिएको रेडियो फ्रिक्वेन्सी गेट काठमाडौं उपत्यकाबाहेक अन्यत्र कहीँ बनेको छैन । कोशी प्रदेशको इटहरीमा, मधेस प्रदेशको पथलैयामा, लुम्बिनीको बुटवलमा, कर्णालीको सुर्खेतमा र गण्डकी प्रदेशको पोखरानजिक पृथ्वी राजमार्गमा फ्रिक्वेन्सी गेट बनाउने सरकारको योजना छ । यद्यपि, हालसम्म यस्तो गेट बन्न बाँकी नै रहेको यातायात व्यवस्था विभागका सूचना अधिकारी गणेशमानसिंह राईले बताए । ‘उपत्यकामा बन्यो, बाहिर बन्न बाँकी छ । बनाउने तयारी भने भइरहेको छ,’ उनले प्रभावसँग भने ।

ट्राफिक प्रहरी एवं यातायात निरीक्षकलाई हातमा बोक्न मिल्ने १०० वटा उपकरणसमेत दिइएको छैन । तर, विभागले आगामी असोज १ गतेदेखि सवारीसाधन नामसारी, दर्ता र नवीकरण गर्दा इम्बोस्ड नम्बर प्लेटलाई अनिवार्य बनाउने भन्दै सूचना जारी गरेको छ । जबकि, लिखित र ट्रायल पास गरेको चार वर्षसम्म ‘स्मार्ट लाइसेन्स’ दिन सकेको छैन । इम्बोस्ड जडानका लागि सरकारले बलजफ्ती गर्न खोजेको भन्दै तीव्र आलोचना भइरहेको छ ।

सरकारको कदमलाई लिएर आमनागरिक मात्र होइन, यससँग सरोकार राख्ने व्यवसायीसमेत तत्काल इम्बोस्ड जडान गर्न नसकिने भन्दै प्रतिरोधमा छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला इम्बोस्ड नम्बर प्लेट जडानको समयसीमा छोटो र दर महँगो रहेकाले कार्यान्वयन गर्न नसक्ने बताउँछन् ।

उनी भन्छन्, ‘इम्बोस्ड नम्बर प्लेटलाई आगामी असोजदेखि नै लागू गर्न सक्ने अवस्था छैन । त्यसका लागि पूर्वाधार त चाहियो नि, त्यही छैन । इम्बोस्ड नम्बरको शुल्क पनि महँगो भयो ।’

त्यसो त इम्बोस्ड नम्बर प्लेटको गुणस्तरलाई लिएर पनि सरकारको आलोचना भइरहेको छ । यसको रङ चाँडै खुइलिने समस्या देखिएको यातायात व्यवसायीहरूको गुनासो छ । इम्बोस्ड नम्बरको ट्र्याक गर्ने प्रणाली पनि समायानुकूल नभएको सरोकारवालाहरूको भनाइ छ । सरकारले पूर्वाधारविना इम्बोस्ड अनिवार्य गर्न लागेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरीसमेत परेको छ ।

यातायात व्यवसायीदेखि सर्वसाधारणले इम्बोस्ड अनिवार्य गरेर सरकारले अर्को झण्झट थपिदिएको गुनासो गरेका छन् । सरकारले कर संकलन गर्नमात्रै यस्तो परियोजना अघि बढाएको भन्दै आलोचना गरिरहेका छन् ।

गौरवको आयोजना मानिएको यो परियोजना नौ वर्ष पुरानो हो । परियोजनामा अनियमितता र कमिसनको खेल भएको आशंका गरिँदै आएको छ । यहीबीच यातायात व्यवस्था विभागले यही ३ भदौमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्नेसम्बन्धी सूचना जारी गर्‍यो ।

क्रमशः पृष्ठ २ मा

- आगामी १ असोजदेखि इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य
- सरकारले झण्झट थपिदिएको भन्दै नागरिक आक्रोशित
- रेडियो फ्रिक्वेन्सी गेट निर्माण प्रदेशस्तरमा बाँकी, ट्राफिक प्रहरीलाई छैन १०० वटा उपकरण
- आवश्यक पूर्वाधारविना इम्बोस्ड नम्बर प्लेट जडानले जटिलता निम्त्याउने चिन्ता

### देवनागरी लिपि नसमेटिएकोमा विरोध

इम्बोस्ड नम्बर प्लेटमा देवनागरी लिपिलाई बेवास्ता गरिएकोप्रति सरकारको चौतर्फी आलोचना भएको छ । हाल नम्बर प्लेटमा अंग्रेजी लिपिमात्रै प्रयोग गरिएको छ । जसकारण देवनागरी लिपि प्रयोग हुनुपर्ने माग सर्वत्र उठेको हो ।

यातायात व्यवस्था विभागले १४ वैशाख २०८० मा नेपाल राजपत्रमा प्रकाशन गरेको सूचनामा भने इम्बोस्ड प्लेटमा रहने अक्षर र अंक नेपाल सरकारले निर्णय गरेबमोजिम देवनागरी लिपि वा अंग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनुपर्ने भनिएको छ । तर, हालसम्म अंग्रेजी लिपिमात्रै प्रयोग भइरहेको छ ।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले राजपत्रमै देवनागरी लिपिमासमेत इम्बोस्ड नम्बर प्लेटमा लेख्न सकिने भनेकोमा त्यसविपरीत अंग्रेजी लिपिमात्रै प्रयोग गरिनु गैरकानुनी भएको बताएका छन् । विभागले भने प्राविधिक कारण देखाउँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

कोरियामा तुलसी पुनको आत्महत्या प्रकरण

# यातना दिने बंगुर फार्मका सञ्चालकलाई दुई वर्षको जेल सजाय

## नेपाली सुपरभाइजर पनि कारबाहीमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियामा बंगुर फार्मका सञ्चालकले दिएको निरन्तरको यातनाका कारण नेपाली कामदारले आत्महत्या गरेको घटना प्रकरणमा सञ्चालकलाई सजाय सुनाइएको छ । दक्षिण जेओलाको येओङगाम काउन्टीमा रहेको ‘वूसंग पिग फार्म’का सञ्चालकलाई दुई वर्षको जेल सजाय र १० लाख वन जरिवाना गरिएको छ ।

विदेशी कामदारलाई बारम्बार यातना दिएको र श्रम कानुन उल्लंघन गरेको आरोपमा उनलाई गत अप्रिल २८ मा पक्राउ गरी अनुसन्धान सुरु गरिएको थियो । श्रम अधिकारकर्मीको निरन्तर दबाबपछि उनी पक्राउ परेको बताइन्छ । ग्वांजु जिल्ला अदालतले ती सञ्चालकलाई दुर्व्यवहार र श्रम उल्लंघनको अभियोगमा दोषी ठहर गर्दै अघिल्लो हप्ता उक्त फैसला सुनाएको कोरियाली सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।



अदालतले फार्ममा कार्यरत नेपाली सुपरभाइजरलाई समेत कारबाही गरेको छ । श्रमिकलाई यातना दिने कार्यमा संलग्न भएकोमा दोषी ठहर गर्दै आठ महिनाको जेल सजाय र दुई वर्षका लागि निलम्बन गरिएको जानकारी दिइएको छ । उनीहरूमाथि गत वर्षको जुन र फेब्रुअरीको बीचमा कम्पनीमा कार्यरत आप्रवासी श्रमिकहरूलाई आक्रमण गरेको र कामबाट निकाल्ने धम्की दिएको आरोप छ । महिनौंसम्म मानसिक र शारीरिक यातना दिइएपछि २०२५ फेब्रुअरी २२ मा म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोटका २८ वर्षीय तुलसी पुन मगरले आत्महत्या गरेका थिए । घटनापछि उक्त फार्ममा कामदारहरूमाथि हुने दुर्व्यवहारको विषय सतहमा आएको थियो ।

निस्कोटका मगर रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत चार वर्षका लागि कोरिया गएका थिए । उनी गएको छ महिनामै उक्त घटना घटेको थियो । घटना घट्नुअघि उक्त फार्मका छ जनाले आफूहरूलाई उक्त कम्पनीबाट उद्धार गर्न भन्दै बनाएको भिडियो सामग्री सार्वजनिक भएको थियो । सिसिक्यामरा नभएको ठाउँमा लगेर कुटपिट गर्ने गरेको भन्दै त्यहाँ बस्न नसक्ने बताएका थिए । तत्काल उद्धार नहुँदा त्यसको केही दिनमै तुल्सीले आत्महत्या गरेका थिए ।

तुलसीको मृत्यु हुनुभन्दा अघि नै धेरै कामदारहरूले उक्त फार्म छोडेका थिए । मालिकको आक्रमणपछि जागिर परिवर्तन गर्नेहरूले रोजगार केन्द्रमा उजुरी दर्ता गराउँदा समस्यालाई सम्बोधन गर्न कुनै कदम नचालिएको गुनासो थियो ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमश:

### बल्झियो...

'सबै प्रदेश सरकारमातहतका यातायात व्यवस्था कार्यालयहरूबाट २०८२ असोज १ गतेदेखि सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्यरूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने भएकाले सबै सवारीधनीहरूले यथाशीघ्र सम्बन्धित यातायात कार्यालयहरूमा गई हाई सेक्युरिटी इम्बोस्ड नम्बर प्लेट जडान गर्नुहुन यसै सूचनामार्फत जानकारी गराइन्छ,' विभागले जारी गरेको सूचनामा उल्लेख छ ।

गत २० साउनमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकको निर्णयअनुसार विभागले सूचना जारी गरेको हो । यसअघि पनि विभागले सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडानको सूचना पटक-पटक जारी गर्दै आएको छ । यद्यपि, सरकारले अर्को झण्झट थपेको भन्दै इम्बोस्ड नम्बरप्रति सरोकारावालाको रुचि देखिएको छैन ।

हालसम्म बागमती प्रदेशमा करिब ८० हजार सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरिसकिएको विभागका सूचना अधिकारी राईले बताए । उनका अनुसार सबै सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरेर डिजिटल डेटा भयो भने एक क्लिकबाट सबै पत्ता लगाउन सकिने छ । उनले भने, 'सडकमा कति गाडी गुडेका छन्, तीमध्ये कतिले कर तिरेका छन् वा कतिले छैनन्, कति गाडी सही नम्बर प्लेटसहित कुदिरहेका छन् ? थाहा हुने भयो ।'

अमेरिकी तथा बंगलादेशी संयुक्त लगानीको डेकाटुर टाइगर आइटी नामक कम्पनीले नेपाल सरकारसँग गरेको सहमतिअनुसार २५ लाख इम्बोस्ड नम्बर प्लेट उपलब्ध गराउने छ । यातायात व्यवस्था कार्यालयका अनुसार देशभर ५० लाखदेखि ६० लाख सवारीसाधन भएको अनुमान छ । हाल सात किसिमका नम्बर प्लेटहरू प्रयोगमा छन् । अबचाहिँ रङका हिसाबले सेतो र पहेँलो गरी दुईवटा र त्यसमा लेखिने अक्षरका हिसाबले चार किसिमका हुने छन् । कार्यालयका अनुसार पहेँलो प्लेटमा कालो अक्षर भए सार्वजनिक र पर्यटक सवारीसाधन हुन्छ भने सेतो प्लेटमा कालो अक्षर भए निजी हुन्छ ।

दुईपांग्रे सवारीको हकमा दुई हजार ५०० रूपैयाँ, तीनपांग्रेलाई दुई हजार ९०० रूपैयाँ, चारपांग्रेलाई तीन हजार २०० र ठूला सवारीसाधनको हकमा तीन हजार ६०० रूपैयाँ निर्धारण गरिएको छ । हालसम्म आठ लाखवटा इम्बोस्ड नम्बर प्लेट उत्पादन गरिसकिएको र तीमध्ये ८० हजार जति जडान भइसकेको विभागको भनाइ छ ।

इम्बोस्ड नम्बर प्लेटका लागि अमेरिका र बंगलादेशका कम्पनीसँग सरकारले ३३ करोड ८५ लाख डलर बराबरको सम्झौता गरेको छ ।

■■■

### देवनागरी...

विभागका सूचना अधिकारी गणेशमानसिंह राई राजपत्रमा देवनागरी लिपि नै प्रयोग गर्नुपर्छ भन्ने बाध्यकारी प्रावधान नभएको जिकिर गर्छन् । त्यही भएर अंग्रेजी प्रयोग भएको उनको मत छ ।

यसअघि यो विवाद अदालतमा पुगेको थियो । ६ र ८ फागुन ०७४ मा दायर भएको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले इम्बोस्डमा अंग्रेजी लिपि नै प्रयोग गर्ने बाटो खुला गरिदिएको थियो ।

■■■

### राज्य व्यवस्था...

आइतबार नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सभापति चयनबारे छलफल गर्न सभामुख घिमिरेसँग पटक-पटक भेट गरेका थिए । यद्यपि, कांग्रेसले आफ्नो उम्मेदवार भने सार्वजनिक गरेको छैन । 'अहिलेसम्म उम्मेदवारबारे निर्णय भइसकेको छैन,' प्रमुख सचेतक घिमिरेले भने ।

यता कांग्रेस सभापति शेरबहादुर देउवाले यसै विषयमा छलफल गर्न सोमबार बूढानीलकण्ठमा शीर्ष नेताको बैठक डाकेका थिए । बैठकमा उपसभामुख इन्दिरा राना मगरलाई हटाउनेदेखि राज्य व्यवस्था समितिको सभापति चयन प्रक्रियाबारे छलफल भएको थियो ।

समिति सभापतिका लागि कांग्रेस सांसदहरू दिलेन्द्र बडू, हृदयराम थानी, अम्बिका बस्नेत, ईश्वरीदेवी न्यौपाने र सरिता प्रसाईंको नाम चर्चामा छ । चर्चामा आएका चारमा बडू, थानी र प्रसाई संस्थापनइतरका सांसद हुन् । बस्नेत र न्यौपाने देउवा गुटका सांसद हुन् । संस्थापनइतरले उपसभामुख मागिरहेको बेला बस्नेतको सम्भावना उत्तिकै बलियो रहेको कांग्रेस स्रोतको दाबी छ । यता न्यौपानेले आफू उपसभामुख बन्ने चाहना व्यक्त गरेको देउवाको सचिवालयका एक सदस्यले जानकारी दिए ।

सोमबार साँझको बैठकमा यसबारे कुनै निर्णय नभएको कांग्रेस पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए । यी विषयमा छलफल गर्न कांग्रेसले आज बिहान ११ बजेका लागि बैठक डाकेको छ ।

#### बुधबार नयाँ सभापति चुनिने

राज्य व्यवस्था तथा सुशासन समितिको रिक्त रहेको सभापति पदको निर्वाचन बुधबार हुने भएको छ । प्रतिनिधिसभाका सचिव हर्कराज राईले सोमबार विज्ञप्ति जारी गर्दै निर्वाचन मिति सार्वजनिक गरेका हुन् ।

सभापतिको उम्मेदवारको प्रस्ताव भने आज दिउँसो ४ बजेभित्र दर्ता गरिसक्नुपर्ने छ । 'प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको कुनै सदस्यलाई सम्बन्धित समितिको सभापतिमा निर्वाचित गरियोस् भनी कुनै अर्को एक सदस्यको समर्थनसहित प्रतिनिधिसभा नियमावली २०७९ को नियम १७६ को उपनियम २ बमोजिम प्रस्ताव दर्ता गर्ने,' विज्ञप्तिमा भनिएको छ ।

संघीय निजामती सेवा विधेयक निर्माणका क्रममा 'कुलिङ अफ पिरियड'को व्यवस्थामा विवादपछि खतिवडाले साउन २८ मा राजीनामा दिएसँगै सभापति रिक्त भएको हो । प्रतिनिधिसभा नियमावलीको व्यवस्थाअनुसार सभापति रिक्त भएको १५ दिनभित्र पदपूर्ति गरिसक्नुपर्ने छ ।

प्रतिनिधिसभाका सचिवको कार्यकक्षमा प्रस्तुत प्रस्ताव सिंहदरबारस्थित सुशासन समितिको सभाकक्षमा बुधबार ३ बजे निर्णयार्थ पेस हुने कार्यतालिका रहेको छ ।

■■■

### कसको...

समितिमा सत्तापक्षकै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सर्वेन्द्रनाथ शुक्ला, जनमत पार्टीकी अनिता देवी र जनता समाजवादी पार्टी (जसपा)का अशोककुमार राई सदस्य छन् । यो थपिँदा समितिमा सत्तापक्षको संख्या १८ पुग्छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका हितराज पाण्डे, पुष्पकमल दाहाल र दुर्गा राई सदस्य छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की चन्दा कार्की (भण्डारी), रवि लामिछाने (निलम्बित) सदस्य छन् । राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी, एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डे, जनता समाजवादी पार्टी नेपालका प्रकाश अधिकारी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का बुद्धिमान तामाङ सदस्य रहेका छन् । यसरी विपक्षमा रहेका दलका सांसदहरूको संख्या नौ मात्रै छ ।

■■■

### यातना...

घटनापछि कोरियास्थित नेपाली दूतावासको पहलमा त्यहाँ कार्यरत बाँकी नेपालीहरूलाई अन्य कम्पनीमा सारिएको थियो । तुल्सीको मृत्युपछि अनुसन्धानकर्ताहरूले फार्म मालिकले दर्जनौं कामदारहरूको लगभग २५ करोड वन ज्याला भुक्तानी नगरेको भेटेको बताइएको छ । मानवअधिकारवादी संस्थाहरूले आप्रवासी कामदारहरूको जीवनलाई सम्मानपूर्वक व्यवहार नगरेसम्म र समाजले संरचनात्मक परिवर्तन नगरेसम्म नियमित हिंसा, अपमान र भेद्भाव जारी रहने बताएका छन् । इपिएस प्रणालीले रोजगारदातालाई बढी अधिकार दिएकाले कामदारहरूमाथि ज्यादती बढेको भन्दै इपिएसको परिमार्जन हुनुपर्ने माग राख्दै आएका छन् ।

कोरियाले नेपालसहित १७ वटा मुलुकबाट इपिएस प्रणालीमार्फत श्रमिकहरू लग्दै आएको छ । उक्त प्रणालीमार्फत सन् २००८ यता एक लाख १७ हजार ५०० भन्दा बढी नेपाली कोरिया गएको तथ्यांक छ ।

नेपालीहरूको आकर्षक श्रम गन्तव्यको रूपमा रहेको कोरियामा रोजगारदाताहरूले श्रमिकलाई दिने गरेको यातना र देखाउने गरेको अमानवीय व्यवहारका घटना पछिल्लो समय बाहिरिन थालेका छन् । यस किसिमका घटना बाहिरिनु सिंगो मुलुककै लागि लज्जाको विषय भएको भन्दै त्यहाँको सरकारले घटनामा संलग्नहरूलाई कारबाहीको प्रक्रिया अघि बढाएको छ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**(पहिलो पटक प्रकाशित मिति: २०८२/०५/१० गते)**

यस कम्पनीको मिति २०८२/०५/०१ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ग्लोबल सेलेक्ट एजुकेसन एण्ड माग्रेसन सर्भिसेस** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ग्लोबल सेलेक्ट एजुकेशन एण्ड भिषा सर्भिसेस** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ग्लोबल सेलेक्ट एजुकेशन एण्ड भिषा सर्भिसेस (दर्ता नम्बर : २८३५२९)**, कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०५/१०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ५६ को ४७६.९३ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**गोल्मेराजा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ९, मकवानपुर**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०५/१०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८१ को ८४७.७० घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बाघभैरव सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ६, मकवानपुर**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०५/१०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ४० को ४८६.१० घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**देउजर ठाकुर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ९, मकवानपुर**

**साउदीमा रोजगार** कम्पनी : **ALI HUSSEIN FATTOUH TRANSPORTATION EST**

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 310993 | चलानी नं. ६०२२५४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २२ गते (7th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम ईजाजत नं. ७९८/०६५/०६६

**कुवेतमा रोजगार** कम्पनी : **DAME LOUNGE LADIES BEAUTY SALON**

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 316463 | चलानी नं. ६०२३०७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Manicurist/pedicurist | 0 | 2 | 150 | ६८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Female Nail Artist | 0 | 2 | 150 | ६८,७३५ | | | | | | | |
| 3 | Hair Dresser | 0 | 2 | 150 | ६८,७३५ | | | | | | | |
| 4 | Hair Stylist -female | 0 | 2 | 150 | ६८,७३५ | | | | | | | |
| 5 | Manicurist | 0 | 2 | 150 | ६८,७३५ | | | | | | | |
| 6 | Nail Technicians | 0 | 2 | 150 | ६८,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १७ गते (2nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**कतारमा रोजगार** कम्पनी : **ALIZA DECORATION**

पूर्व स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 329866 | चलानी नं. ६०२४३७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Decor Wood Worker | 2 | 0 | 1200 | ४५,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decor Woodworker | 3 | 0 | 1200 | ४५,७१५ | | | | | | | |
| 3 | Decorator | 4 | 0 | 1200 | ४५,७१५ | | | | | | | |
| 4 | General Accounts/ledger | 1 | 0 | 3600 | १३७,१४५ | | | | | | | |
| 5 | Internal Decor Technician | 4 | 0 | 1200 | ४५,७१५ | | | | | | | |
| 6 | Labourer / Helpers | 1 | 0 | 1000 | ३८,०९५ | | | | | | | |
| 7 | Purchase Rep. | 0 | 1 | 2200 | ८३,८१० | | | | | | | |
| 8 | Receptionist | 1 | 0 | 1200 | ४५,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271
श्रम ईजाजत नं. १२८९/०७४/०७५


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

मंगलबार, १० भदौ, २०८२

| | |
|---|---|
| **मेष** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **वृष** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **मिथुन** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **सिंह** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कन्या** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **तुला** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **वृश्चिक** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **धनु** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **मकर** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **कुम्भ** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मीन** | खानपान र पहिरनमा खर्च हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० भदौ , २०८२ (२६ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.७६ | १४०.३६ |
| युरो | १ को | १६३.७५ | १६४.४५ |
| पाउन्ड स्टर्लिङ | १ को | १८९.०५ | १८९.८६ |
| स्विस फ्रैन्क | १ को | १७४.३६ | १७५.११ |
| अस्ट्रेलियन डलर | १ को | ९०.७० | ९१.०९ |
| क्यानाडियन डलर | १ को | १०१.०८ | १०१.५२ |
| सिङ्गापुर डलर | १ को | १०९.०७ | १०९.५४ |
| जापानी येन | १० को | ९.५१ | ९.५५ |
| चिनियाँ युआन | १ को | १९.५० | १९.५९ |
| साउदी अरब रियाल | १ को | ३७.२५ | ३७.४१ |
| कतारी रियाल | १ को | ३८.३५ | ३८.५१ |
| थाई भाट | ख १ को | ४.३१ | ४.३३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.०५ | ३८.२२ |
| मलेसियन रिङ्गेट | १ को | ३३.०६ | ३३.२० |
| दक्षिण कोरियन वन | १०० को | १०.१० | १०.१४ |
| स्विडिस क्रोनर | १ को | १४.७१ | १४.७८ |
| डेनिस क्रोनर | १ को | २१.९४ | २२.०४ |
| हङकङ डलर | १ को | १७.८८ | १७.९६ |
| कुवेती दिनार | १ को | ४५७.६६ | ४५९.६२ |
| बहराइन दिनार | १ को | ३७०.७० | ३७२.२९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# आज तीज पर्व मनाइँदै

## पशुपतिनाथ दर्शनका लागि चारवटा मार्गको व्यवस्था

### बिहान ३ बजेदेखि नै मन्दिरका चारवटै ढोका खोलिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** आज हरितालिका (तीज) पर्व । हिन्दू नारीहरूको महान् पर्व हर्षोल्लासका साथ मनाइँदै छ । आज बिहानैदेखि निराहर व्रत बसी हिन्दू नारीहरूले शिव मन्दिरमा पूजा गरी तीज पर्व मनाउने गर्दछन् ।

यसैबीच पशुपतिनाथ दर्शनका लागि सबै तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जानकारी दिएको छ । तीजका अवसरमा दर्शनार्थ आउने भक्तजन एवं विशेषगरी हिन्दू नारीहरूको सुविधाका लागि आवश्यक पर्ने सुरक्षा, स्वयंसेवा, चन्दनप्रसाद, दर्शनमार्गको व्यवस्थापन एवं सुधार, आकस्मिक स्वास्थ्यसेवा, उपासनासहितको मनोरञ्जनात्मक गीत, संगीत, भजनकीर्तन, दीपावली, व्रतालुको गौदान गर्ने स्थानको व्यवस्थालगायत तयारी पूरा भएको कोषको भनाइ छ ।

पशुपति क्षेत्रको बाहिरी भागबाट मन्दिर छिर्न चारवटा मार्गको व्यवस्था गरिएको छ । पहिलो मार्ग गौरीघाट-उमाकुण्ड-दक्षिणामूर्ति-रुद्रगाडेश्वर-वासुकी हुँदै उत्तरढोकाबाट मन्दिर प्रांगण प्रवेश गरी पश्चिम मूलढोकाबाट बाहिर निस्किएर कैलाश दक्षिण जुत्ता चप्पलकक्षबाट हुँदै फर्कने व्यवस्था मिलाइएको छ ।

दोस्रो मार्ग मित्रपार्क-जयवागेश्वरी-पाचागणेश-भीमसेनस्थान- भुवनेश्वरी-शंकराचार्य मठ दक्षिणहुँदै फलामे पुल पश्चिम सानो ढोकाबाट मन्दिर प्रांगण प्रवेश गरी पश्चिम मूलढोकाहुँदै बाहिरिने र शंकराचार्य मठ दक्षिण जुत्ता चप्पलकक्ष हुँदै फर्कने व्यवस्था गरिएको छ ।



यस्तै, पिंगलास्थान-चारशिवालय-पञ्चदेवल-बज्रघर-दक्षिण ढोकासम्मको लाइनलाई कोटिलिंगेश्वर मन्दिर छेउको सानो ढोकाबाट मन्दिर प्रांगण प्रवेश गरी दक्षिण ढोकाहुँदै बाहिरिने र पञ्चदेवल पूर्व अस्थायीरूपमा निर्माण गरिएको जुत्ता चप्पलकक्षहुँदै फर्कन तेस्रो मागको व्यवस्था गरिएको कोषले जानकारी दिएको छ ।

चौथो मार्ग, तिलगंगा-राम मन्दिरहुँदै बागमती नदी पूर्व किनारहुँदै आर्यघाट नजिकको पुल तरेर श्रीपशुपतिनाथ मन्दिरको पूर्व ढोकाबाट प्रवेश गरी पूर्व ढोकाबाटै बाहिरिने र आर्यघाट नजिकको पुलसँगैको अस्थायी जुत्ता चप्पलकक्षबाट जुत्ता चप्पल लिई फर्कने व्यवस्था मिलाइएको छ । मूल मन्दिरभित्र भने आठवटा लामको व्यवस्था गरिएको कोषका निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले जानकारी दिए । दर्शनार्थीले छिटो दर्शन गरी फर्कन सक्नेगरी बिहान ३ बजेदेखि नै मन्दिरका चारवटै ढोका खोल्ने व्यवस्था मिलाइएको उनले बताए ।

श्रीपशुपतिनाथको मन्दिरमा गरिने श्रीयन्त्र पूजाको समयमा जाली राखी बाहिरबाटै दर्शन गर्न सक्नेगरी व्यवस्था मिलाइएको छ । दर्शन गरी फर्कदा पशुपतिनाथ मन्दिर प्रांगणभित्र दर्शनार्थी र अन्य भक्तजनको सुविधाका लागि मन्दिरको चन्दन पश्चिम ढोका बाहिर सानो सदावर्त सत्तल, पञ्चदेवल पूर्वदक्षिण, उमाकुण्ड, दक्षिणामूर्ति, तिलगंगा, वनकाली, गौशाला, जयवागेश्वरीमा वितरणको व्यवस्था मिलाइएको छ ।

पर्यटक प्रवेश शुल्क तिरी टिकट लिएका तेस्रो मुलुकका पर्यटकलाई मेला क्षेत्रमा (मन्दिर प्रांगणबाहेक) अवलोकन भ्रमण गर्न दिइने कोषकी सूचना अधिकारी अनिता भट्टले बताइन् । भक्तजनबाट गौदान, पूर्णपात्रोजस्ता ब्राह्मण प्रयोग गरी गरिने धार्मिक कार्यका लागि भकुण्टोल-वनकाली मार्गको दायाँबायाँ क्षेत्रमा व्यवस्था मिलाइएको जानकारी दिइन् ।

बहुमूल्य गरगहना लगाएर र ससाना बालबालिकालाई साथमा लिएर पशुपतिनाथको दर्शनमा नआउन कोषले भक्तजनमा अनुरोध गरेको छ । भगवान् श्रीपशुपतिनाथका नित्य दर्शनार्थीहरू बिहान ५:३० बजेसम्मका लागिमात्र उपर्युक्तानुसारका चार ढोकामध्ये जुनसुकै ढोकाबाट प्रवेश गरी दर्शन गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

मन्दिर दर्शनका लागि कुनै पनि किसिमको पासको व्यवस्था नगरिएको कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले जानकारी दिए । विगतका वर्षमा जस्तै यस वर्ष पनि तीजका लागि नेपाल प्रहरीका साथै सशस्त्र प्रहरी बल नेपालसँग समन्वय गरी सुरक्षाको प्रबन्ध मिलाइएको छ । आवश्यकताअनुसार नेपाली सेनाको सहयोग लिइने कोषले जानकारी दिएको छ । साथै राष्ट्रिय अनुसन्धान विभागबाट मेला क्षेत्रमा पर्याप्त अनुगमनको व्यवस्था मिलाइएको छ ।

मेला क्षेत्रमा पाकेटमार र अनियमित क्रियाकलाप हुन नदिन सादा पोसाकमा प्रहरी खटाइ पर्वको दुई दिन अघिदेखि नै त्यस्ता क्रियाकलापमा शंकास्पद व्यक्तिलाई नियन्त्रणमा लिई राख्ने व्यवस्था भएको छ । यसका साथै स्वयंसेवक परिचालन, स्वास्थ्य शिविर, सरसफाइलगायत व्यवस्था चुस्तरूपमा गरिएको कोषले जानकारी दिएको छ ।

# ट्रमा सेन्टरमा 'दूरविन' प्रविधिबाट मेरूदण्डको शल्यक्रिया

■ शरद शर्मा

**काठमाडौं–** राष्ट्रिय ट्रमा सेन्टरमा इण्डोस्कोपिक स्पाइन सर्जरी (दूरविनबाट गरिने मेरुडण्डको शल्यक्रिया) प्रविधिबाट गरिने भएको छ । दूरविनबाट मेरुडण्डको शल्यक्रिया गर्दा बिरामीलाई धेरै सहज हुने छ ।

सेन्टरका प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट डा. बद्री रिजालले दूरविन प्रविधिबाट मेरुदण्डको गरिने शल्यक्रियाको सबै तयारी पूरा भइरहेको जानकारी दिए । शल्यक्रियाका लागि सेन्टरमा उपकरण आइसकेको छ । सेन्टरमा यसअघि नशा च्यापिएकालाई माइक्रोस्कोपिक सर्जरी (थोरै चिरेर गरिने शल्यक्रिया) हुने गर्दथ्यो ।

उनले चीनमा सेन्टरका तीन जना चिकित्सकलाई तालिममा पठाएर यही महिनाभित्र नै सेवा सञ्चालन गर्ने बताए । उनका अनुसार दूरविनबाट सानो प्वाल पारेर मेरुदण्डमा नशा च्यापिएको शल्यक्रिया गरिन्छ । 'मेरुदण्डमा नशा च्यापिएको हुन्छ र चोटपटकले गर्दा पनि नशा च्यापिएको हुन्छ, दूरविनबाट शल्यक्रिया गर्दा रक्तश्राव कम हुने, ठूलो घाउ नहुने र अस्पतालको बसाइँ पनि बिरामीको कम हुन्छ,' उनले भने ।

सेन्टरका प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट डा. रिजालले इण्डोस्कोपिक स्पाइन सर्जरी महँगो भए पनि बिरामीलाई सरकारले उपलब्ध गराएको एक लाख रूपैयाँमा गर्ने बताए । सेन्टरका वरिष्ठ हाडजोर्नी शल्यरोग विशेषज्ञ डा. राजेश चौधरी स्पाइन सर्जरी जटिल भएकाले समयमा नै बिरामीले उपचार गर्न सके निको हुने बताउँछन् । 'बिरामीहरू मेरुदण्ड दुख्यो भने इन्जेक्सन लगाएर केही समय सञ्चो हुने चलन बिरामीलाई छ, यसले केही बेर सञ्चो भएको महसुस गरे पनि दीर्घकालीन उपचार यो होइन,' उनले भने, 'मेरुदण्डको नशा च्यापिएरको दीर्घकालीन समस्या समाधान शल्यक्रिया नै हो ।'

यस्तै सेन्टरले घुँडा र हिपको जोर्नीको प्रत्यारोपण पनि गर्दै आइरहेको छ । घुँडा खिइएको, उमेर पुगेपछि घुँडाले काम नगर्ने, घुँडा बिग्रेको घुँडाको नशा च्यातिएकोजस्ता घुँडाका समस्याको पनि प्रत्यारोपण हुँदै आएको सेन्टरका मेडिकल सुपरिन्टेण्डेन्ट डा. रिजालले जानकारी दिए । उनले हप्तामा १० देखि १५ वटा प्रत्यारोपण अस्पतालमा हुँदै आएको छ ।

'जोर्नी खिइएर मानिसलाई हिँड्न र नसक्ने, उठ्न सक्दैनन् । जोर्नी खिइएर जोर्नीको आकार बिग्रेर हिँड्न नै समस्या हुने गर्दछ, चोटपटकले गर्दा जोर्नी बिग्रेपछि जोर्नी फेर्नुपर्ने अवस्था हुने गर्दछ,' उनले भने, 'ती सबैको शल्यक्रियामार्फत उपचार गरिन्छ ।'

खेल खेल्दा घुँडाको नशा च्यातिने र ढाडमा चोट लागेर पनि नशा च्यापिने गर्दछ । यसैगरी सेन्टरमा न्यूरो सर्जरी टाउकोमा लागेको चोट पटक, हाडजोर्नी र मासुमा हुने टयुमरको पनि सेन्टरमा शल्यक्रिया गरेर उपचार हुने गर्दछ । *रासस*


**बहराइनमा रोजगार** कम्पनी : CHONG CHAN TING RESTAURANT WLL

पूर्व स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 329941 | चलानी नं. ६०२४३७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 150 | ५५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiters | 1 | 1 | 120 | ४४,१४५ | | | | | | | |
| 3 | Cleaners (Indoor) | 1 | 0 | 100 | ३६,७९० | | | | | | | |
| 4 | Barista | 1 | 0 | 140 | ५१,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत न .७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH ABDUL QADER AHMED ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 318385 | चलानी नं. ६०२३३६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INSTANT SUPPORT CONTRACTING ESTASBLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 324501 | चलानी नं. ६०२३८५५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 8 | 0 | 1200 | ४४,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**युएइमा रोजगार** कम्पनी : AL WAFA STAR CLEANING & SECURITIES SERVCES

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 324318 | चलानी नं. ६०२३८६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 50 | 900 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.**(JAYA SHREE HANUMAN)

Govt. License No. 1440/074/75

Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com

**कतारमा रोजगार** कम्पनी : MISSION GENERAL CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 322041 | चलानी नं. ६०२३६१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman Civil | 1 | 0 | 2500 | ९३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 3 | 0 | 1000 | ३७,४९० | | | | | | | |
| 3 | Mason (Nepal) | 5 | 0 | 1100 | ४१,२४० | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 3000 | ११२,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064

**Career International Services (P.) Ltd.**

धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**मलेसियामा रोजगार** कम्पनी : SS SANTHI ENTERPRISE

पूर्व स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 329934 | चलानी नं. ६०२४३७७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 2 | 0 | 1700 | ५६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75

**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)

Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

**युएईमा रोजगार** कम्पनी : JPR HOME HEALTH CARE

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 316055 | चलानी नं. ६०२३०४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Registered Nurse | 0 | 15 | 6000 | २२६,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Nursess Females | 0 | 9 | 4000 | १५१,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १६ देखि २० गते (1-5 Sep . 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५

**Career Development Human Resource Pvt. Ltd.**

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com


## Pachrauta Municipality
## Office of Municipal Executive

**Benauli, Bara**
**Madhesh Pradesh, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: NCB/PMUN/W/02/2082-083**
**Date of publication: 26-08-2025 12:00**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of wada no.05 bhari sadak dhalan tatha nala nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 12999981.97 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov. np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   | | |
   |---|---|
   | Name of the Bank: | NMB Bank Ltd. |
   | Name of Office: | Pachrauta Municipality, Bara |
   | Office Code nao: | 80221403300 |
   | Office Account no: | 1140083164100010 |

   Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held at Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal at 14-09-2025 10:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 24-09-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 25-09-2025 13:00 at the office of Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 323500.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Evaluation and Qualification Criteria:

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उखु किसान कहिलेसम्म सडकमा उत्रनुपर्ने ?

**तीजको रमझम छाडेर यतिबेला उखु किसान माइतीघरमा उत्रिएका छन् । सरकारले यसअघि गरेको वाचा उल्लंघन गरेको भन्दै किसानहरू धर्नामा उत्रिएका हुन् । उखु उत्पादक महासंघका अनुसार सरकारले उखु किसानलाई एक अर्ब ५० करोड रूपैयाँभन्दा बढी दिन बाँकी छ । अनुदानस्वरूप सरकारले दिने भनेको बक्यौताका लागि हरेक वर्षजसो आन्दोलन हुन्छ ।**

**यसपालि किसानहरू गत आर्थिक वर्ष २०८१/८२ सहितको पुरानो बक्यौता माग गर्दै माइतीघरमा आएका हुन् । उखु किसानले प्रतिक्विन्टल उखुको ७० रूपैयाँ माग गरेका छन् । तर सरकारले ३५ रूपैयाँमै किसानको मुख टालटुल गर्ने प्रयास गरेको देखिन्छ । मुख्य दलहरूको चुनावी घोषणापत्र र सरकारको बजेट हेर्ने हो भने कृषिमुखी छ । तर निकै मिहेनत लाग्ने उखुखेतीको लगानी उठाउन भने किसानलाई सरकारकै कारण मुस्किल परिरहेको छ । बजारमा चिनीको माग उच्च छ । उखु किसानले पनि सरकारलाई विश्वास गरेर उद्योगीलाई उखु उपलब्ध गराइराखेको छ । तर आफ्नो लागत उठाउन भने उनीहरूलाई सधैं सडकमै उत्रनुपर्ने बाध्यता आइलाग्छ ।**

**यसपटक मात्र होइन, उखुको भुक्तानीका लागि कृषकहरूले जहिले पनि आन्दोलन गरिरहनुपरेको छ । बर्सेनि भुक्तानीका लागि कृषकले आन्दोलन गर्नु परेसँगै कृषकसँग मौखिक सम्झौता गर्ने तर सम्झौताअनुरूप बक्यौता रकम कहिल्यै भुक्तानी नदिने क्रमले पनि निरन्तरता पाइरहेको छ । यसमा सरकारले उद्योगीकै पक्षपोषण गरिरहेको छ ।**

**तराई/मधेसका किसानले खाद्यान्नबाली लगाउन छोडेर उखुखेती गर्दै आएका छन् । पटक-पटकको सहमतिपछि खुसी भएर घर फर्किएका किसानका समस्या यथावत् नै रहेको भन्दै 'नेपाल उखु उत्पादक महासंघ'ले पुनः आन्दोलन गरेको हो । सरकारले उखु किसानको लामो समयदेखिको बक्यौता भुक्तानी, समर्थन मूल्य निर्धारण र अनुदान वृद्धिको मागलाई सम्बोधन गर्ने सम्झौता गरेको थियो । यद्यपि, मिल मालिकले समयमा भुक्तानी नदिने, अनुदानको रकम बैंकमा जान ढिलाइ हुनेजस्ता कतिपय समस्या अझै पनि यथावत् छन् ।**

**मिल मालिक र सरकारको किसानविरोधी प्रवृत्तिकै कारण बर्सेनि समस्या बल्झिइरहेको देखिन्छ । चिनी व्यापारीहरूको पक्षमा लागेर सरकारले उपभोक्ता र किसानको हितमा कदम चाल्न नसकेको यसबाट प्रस्टै देखिन्छ । किसानलाई उखुखेतीतर्फ प्रोत्साहित गर्नुपर्नेमा यसरी सडकमा उतार्नु दुःखद पक्ष हो । उखु किसानलाई पलायन हुन नदिनेतर्फ सरकारले बेलैमा सोचोस् । भुक्तानीको स्थायी समाधान खोजियोस् ।**

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# तीज व्रतः परम्परा, आस्था र नारी चेतनाको संगम



■ विविशा पौडेल

> तीजलाई केवल धार्मिक उपवासका रूपमा सीमित गर्नु पर्याप्त छैन । यसको अर्को महत्त्वपूर्ण पक्ष नारी चेतना र अधिकारसँग जोडिएको छ ।

हिन्दू नारीहरूको महान् पर्वका रूपमा चिनिने हरितालिका (तीज) केवल धार्मिक अनुष्ठानमात्र होइन, सामाजिक, सांस्कृतिक र भावनात्मक जीवनसँग गहिरो सम्बन्ध राख्छ । भाद्र महिनाको शुक्ल पक्षको तृतीयामा मनाइने यो पर्व विशेषगरी हिन्दू नारीहरूले श्रद्धा र उल्लासका साथ मनाउँछन् । व्रत, पूजा, नाचगान, गीत र भेटघाटमार्फत महिलाहरूले आफ्नो सुख-दुःख, पीडा-आशा र भविष्यका सपनाहरू प्रकट गर्ने अवसर तीजले दिएको छ ।

पौराणिक दृष्टिले तीज व्रत भगवान् शिव र पार्वतीसँग जोडिएको छ । मान्यताअनुसार देवी पार्वतीले भगवान् शिवलाई पतिका रूपमा पाउन कडा तपस्या र कठोर व्रत गरेको कथा आज पनि नारीहरूको आस्थासँग गाँसिएको छ । तीज व्रतको उत्पत्ति पौराणिक कथासँग जोडिएको छ । कथाअनुसार पार्वतीलाई उनका पिता हिमालयले विष्णुसँग विवाह गराउन चाहेका थिए । तर पार्वतीले मनदेखि भगवान् शिवलाई पति बनाउन दृढ संकल्प गरेकी थिइन् । त्यसैले उनले आफ्ना सखीहरूको सहयोगमा घोर वनमा गएर कठोर तपस्या गर्दै उपवास गरी शिवको ध्यान गरिन् । अन्ततः भगवान् शिवले पार्वतीको निष्ठा र भक्तिलाई स्वीकार गरी उनलाई पत्नीका रूपमा अँगाले । यही प्रसंगबाट प्रेरित भएर हिन्दू नारीहरूले शुभ पति प्राप्त होस्, प्राप्त पति दीर्घायु र सुखमय जीवन जिउन्, परिवारमा शान्ति र समृद्धि कायम रहोस् भन्ने उद्देश्यले तीज व्रत बस्ने चलन परम्परा बनेको हो ।

तीज व्रतलाई अत्यन्तै पवित्र मानिन्छ । यसमा नारीहरूले दिनभर पानीसम्म ग्रहण नगरी उपवास बस्छन् । व्रत बस्दा बिहान स्नान गरेर शुद्ध वस्त्र धारण गर्ने, शिव-पार्वतीको मन्दिरमा वा घरमा नै पूजा गर्ने गरिन्छ । साथै, रात्रिभोजमा सहभागी नभई निराहार बस्ने, बेलुकी भजन-कीर्तन, स्तोत्रपाठ गर्ने र अर्को दिन व्रत तोड्दा अन्न-जल ग्रहण गर्ने गरिन्छ । साथै, विवाहित महिलाले आफ्ना पतिलाई दीर्घायु, आरोग्य र सौभाग्यको कामना गर्छन् । अविवाहित युवतीहरूले मनोकामना पूरा हुने वर पाइयोस् भन्ने हेतुले व्रत बस्छन् । यसलाई 'अक्षुण्ण सौभाग्य र पारिवारिक कल्याणको साधना' मानिन्छ ।

तीज व्रतको अघिल्लो दिन 'दर खाने' चलन छ। 'दर' भन्नाले पौष्टिक खाना-पिउना बुझिन्छ, जसले अर्को दिनको कठोर व्रतलाई सहज बनाउँछ । परम्परागत दरः दही, सेल रोटी, खिचडी, मौरीको मह, गेडागुडीका परिकार । आधुनिक दरः दर पार्टी, होटल-रेस्टुरेण्ट, महँगो भोज र रक्सी-मासुसम्म फैलिएको छ । दर खाने बहानामा माइतीमा भेटघाट, दिदीबहिनीबीच मेलमिलाप, रमाइलो नाचगान हुन्छ । यसले तीजलाई धार्मिकमात्र नभई सामाजिक पर्व बनाएको पाइन्छ ।

तीजका गीत केवल रमाइलोका लागि गाइने होइनन् । यी गीतहरूमा नारीहरूको मनका कुरा, घरायसी पीडा, दाइजोको भार, श्रीमान्को परदेशी जीवन, समाजको असमानता र महिला अधिकारका मागसम्म प्रतिविम्बित हुन्छ । 'माइतीको सम्झना', 'घरपरिवारको दुःख', 'श्रीमान्को दूरी', 'समान अधिकार र न्यायको स्वरलगायतका गीतमा रमाउने गर्छन् । यी सबै तीज गीतहरूमा व्यक्त हुन्छन् । यसरी हेर्दा तीज नारी चेतना जगाउने एक प्रकारको सांस्कृतिक आन्दोलन पनि हो ।

तीजको सामाजिक महत्त्व पछिल्लो समय बढ्दै गएको छ । तीज नारी एकताको मञ्चको रूपमा दिदीबहिनी, साथीभाइसँग भेटघाट गर्ने अवसर प्रदान गरेको छ । साथै, पारिवारिक सम्बन्धको मजबुती छोरीले माइती फर्केर आमा-बुबासँग बस्न पाउने मौका प्राप्त भएको छ । त्यसैगरी तीज गीतमार्फत नारीहरूको आवाज समाजसम्म पुग्ने वातावरण तयार भएको छ । यस्तो भए पनि आधुनिक परिवेशमा धेरै विकृति पनि सिर्जना भएका छन् ।

केही वर्षयता आजको तीज विगतभन्दा धेरै फरक बनेको छ । पहिला घरमा भेला भएर दर खाने चलन थियो तर अहिले होटल-रेस्टुरेण्टमा दर पार्टी भने महँगो पोसाक र गहनाको प्रतिस्पर्धा र फेसन शो जस्तै माहोल निर्माण भएको छ । साथै, मौलिकता हराउने खतरा बढ्दै छ । धार्मिक आस्थाभन्दा बाहय प्रदर्शन बढी हुने पाइन्छ । केही नराम्रा पक्षहरू भए पनि यता चाडपर्वले महिलाहरू खुलारूपमा आफ्नो कुरा भन्न सक्ने भएका छन् । सामाजिक सञ्जालमार्फत नारी मुद्दा उजागर हुने अवसर पाएका छन् । त्यस्तै महिलामा स्वतन्त्रता र आत्मविश्वास बढेको छ ।

तीजलाई केवल धार्मिक उपवासका रूपमा सीमित गर्नु पर्याप्त छैन । यसको अर्को महत्त्वपूर्ण पक्ष नारी चेतना र अधिकारसँग जोडिएको छ । दाइजो प्रथाविरुद्ध स्वर बाहिर ल्याउने, महिलामाथिको हिंसा र विभेद्को विरोध गर्ने तथा स्वतन्त्र जीवन र समान अवसरको माग गर्न सक्ने चेतनाको विकास भएको छ । आजका तीज गीतहरूमा यस्ता विषय प्रस्ट देखिन्छन् । यसले तीजलाई 'धार्मिक-सांस्कृतिक पर्व' मात्र होइन, 'नारी अधिकारको सांगीतिक आन्दोलन' पनि बनाइदिएको छ ।

तर यस्ता पर्वमा चुनौती पनि ल्याएको छ । पछिल्लो समय मौलिक संस्कृतिको ह्रास आएको छ । साथै, अत्यधिक खर्चिलो र देखावटी प्रवृत्तिको विकास भएको छ । सामाजिक सन्देशभन्दा मनोरञ्जनमा सीमित भएको पाइन्छ । हामीले तीजको मौलिकतालाई बचाइ राख्न मौलिक गीत, नाच र संस्कृतिलाई प्राथमिकता दिनु आवश्यक छ । साथै, परम्परागत परिकार जोगाएर दर संस्कृतिलाई जोगाउन र तीजलाई नारी एकता र चेतनाको मञ्चका रूपमा प्रयोग गर्ने गरेमा सद्भाव, एकता कायम गरी परम्परा संस्कार संस्कृतिको अस्तित्व राख्न सकिन्छ ।

तसर्थ, तीज व्रत केवल उपवास र पूजा होइन । यो आस्था, संस्कार, संस्कृति र नारी चेतनाको संगम हो । यसमा शिव-पार्वतीको पौराणिक कथा रहेको छ । साथै, परिवारप्रतिको श्रद्धा, नारीहरूको मेलमिलाप, गीतमार्फत सामाजिक आवाज, आधुनिक समाजमा नारी अधिकार र स्वतन्त्रताको चेतना सबै मिसिएका छन् । यसैले तीजलाई वैभव प्रदर्शन वा केवल मनोरञ्जनको पर्व बनाउनु गलत हुने छ । यसको वास्तविक आत्मा-नारी आस्था, परिवारप्रतिको श्रद्धा, सामाजिक सन्देश र संस्कृतिको जगेर्नालाई जोगाएर आधुनिक चेतना मिसाइयो भने तीज अझ शक्तिशाली, सान्दर्भिक र स्थायी बन्ने छ ।

# पारिवारिक प्रेममा समर्पित पर्व तीज र गौरा



■ पदम श्रेष्ठ

तीजमा हिन्दू नारीहरू आफ्नो पतिको दीर्घायू, स्वास्थ्य र सफल जीवनको कामनासहित पानीसमेत नखाई व्रत बस्दछन् । तीजलाई माइती, छोरी-बुहारीबीचको सम्बन्ध सुमधुर बनाउने पर्वका रूपमा पनि लिइन्छ । यसदिन नारीहरू घर परिवारको बुहार्तनबाट स्वतन्त्र बन्दै माइतीघरमा मनभरिका दुःख र खुसी साट्ने, नाँच्ने गाउने गर्दछन् ।

तीजको व्रतमा विशेषगरी छोरी, चेली, नारीहरू पानीसमेत नखाई पतिको दीर्घायू र अविवाहित भए भगवान् शिवजस्तै पति पाउने कामना गर्दै व्रत बस्दछन् । हिन्दू नारीहरूले विशेष महत्त्वका साथ मनाइने तीजलाई दर खाने दिन, हरितालिका तीज व्रत र ऋषिपञ्चमीका नाउँबाट तीन दिन भव्य नाचगानसहित मनाउँदछन् । धार्मिक, सांस्कृतिक र मनोरञ्जनात्मक तीन विधामा आधारित रही मनाइने यस पर्वबारे पौराणिक आख्यान छन् ।

कथानुसार हिमालय पर्वतले आफ्नी छोरी पार्वतीको विवाह विष्णु भगवान्सँग गराउन खोजे तर पार्वतीले आफू शिवसँग विवाह गर्न चाहेको तथ्य कुरा आफ्ना साथीहरूसमक्ष राखिन् । साथीहरूले पनि लुकिछिपी हिमालय पर्वतको दरबारबाट हिन्दू महासागर (सिन्धु सभ्यता) कन्याकुमारी पुऱ्याइ महादेव (किराती) पति पाउनका लागि निराहार व्रत बस्न लगाए । अति कष्टका साथ पार्वतीले गरेको व्रतबाट प्रभावित भई महादेवले तथास्तु भनी वरदान दिए । सोही व्रत र तपस्याका कारण भाद्र शुक्ल तृतीयामा शिवले वरदान दिएको दिन निरन्तर निराहार व्रत बस्ने परम्परा रहँदै आइरहेको बताइन्छ ।

दर खाने दिनः भाद्र शुक्ल तृतीयाका दिनलाई मूलरूपमा हरितालिका तीज भनिएता पनि भाद्र द्वितीया अर्थात् एक दिन अगाडि माइतीघरमा छोरीचेलीहरूलाई दर (माछा, मासु, दही, मिठाइ, खिर)सहित बनाएर खुवाउने, उपहार दिने चलन छ। व्रत बस्ने अघिल्लो दिन राति १२ बजेभित्रसम्म मिठो मसिनो खाई भोलिपल्टको व्रत बस्नका लागि तयारी गरिन्छ ।

तीज व्रतः भाद्र शुक्ल तृतीयाका दिनलाई तीजको मूख्य र पवित्र दिनका रूपमा लिइन्छ । पार्वतीले महादेव पति पाउँ भनी निराहार व्रत बसेको यस दिनमा पानी खाएमा वा थुक निल्दा पनि पतिको रगत खाएबराबरको पाप लाग्छ भनिन्छ । बिहानै नुवाइधुवाइ चोखो लुगा लगाएर शिवस्थलमा पूजा गर्दछन् ।

ऋषि पञ्चमीः तीजको तीन दिनमध्ये भाद्र कृष्ण पञ्चमीका दिन जानेर वा नजानेर भएका पापकर्मको पश्चाताप गर्दै पुर्खा ऋषिहरूको स्मृतिमा अपमार्गको दतिवनले शरीर शुद्धी गरिन्छ । शिवस्थलमा पुगी पुर्खा ऋषि वंशज कश्यप, अत्रि, भारद्वाज, विश्वमित्र, गौतम, जमदग्नी र वशिष्ठ सप्तऋषिको विधिपूर्वक पूजा गर्दै आफ्नो शरीर पवित्र बनाउने विधान रहेको छ । यसका लागि १८५ वटा अपमार्गको दतिवनले दाँत र शरीर सफा गरी आफूलाई पवित्र बनाउने चलन छ । काठमाडौं उपत्यकाभित्र यस दिन टेकुको ऋषिश्वरमा पुगी समापन पूजा गर्ने गरिन्छ ।

## तीजजस्तै गौरा तर पृथक

भाद्र कृष्ण पञ्चमीदेखि अष्टमीसम्म मनाइने गौरा पर्व तीजजस्तै एउटै आख्यान् शिव पति पाउँ भनी पार्वती (गौरा)ले व्रत बसेको कथामा आधारित भए पनि महाकाली अञ्चलको डडेलधुरा, बैतडी, दार्चुला, सेती अञ्चलको बझाङ, बाजुरा, अछाम, डोटी, कर्णालीको हुम्ला, जुम्ला, मुगु र कालीकोटदेखि कुमाउ गढवाल, कन्या कुमारीसम्मका खसहरूले छुट्टै ढंगमा मनाउँछन् ।

तीज हिन्दूस्तानीको करवा चौथसँग नजिकको सम्बन्ध राख्दछ भने गौरा देशको प्रत्यक्ष प्रभावमा आधारित यहीकै हावापानी माटो सुहाउँदो विशुद्ध मातृसतात्मक पर्व हो । आदिवासी खसहरू शिवलाई नभई पाँचवटा वनस्पति जस्तैः कुश, काँस, सौ (धानको काँचो बाला), तितेपाती र अपमार्ग (जडीबुटी)को गौरा (पार्वती)को मूर्ति बनाई देवीलाई विरुडा (केराउ, गहुँ, मकै, गहत र गुराँसको बीउ) भिजाएर टुसाएको गेडागुडीको क्वाँटी बनाई चढाइन्छ । तीजमा शिव स्वरूप पशुपतिलाई भक्तिभाव देखाउने गरिन्छ । हिन्दू महिलाहरू तीजमा पतिभक्तिको कामना गर्दै समाजमा महिलाप्रति हुने भेद्भाव बुहार्तनका कथा व्यथासम्बन्धी गीत गाउने नाचगान गर्ने गरिन्छ भने गौरामा परम्परागत हुडका, छलिया, ढाल नाच, पर्छौं नाच र मांगल नाच नाचिन्छ ।

गौरा पर्वको खुसीयालीमा पुरुषहरू हातमा हात जोडेर खुट्टाका तालमा ताल मिलाउँदै देउडा नाच्छन् भने व्रतालु महिलाहरू फागू प्रार्थना गर्दै पाँच प्रकारका वनस्पतिबाट निर्मित गौरादेवीलाई देउतीघर भित्र्याउने वा बिदाइ गर्ने गर्दछन् । देउतीघर भित्र्याउँदा वा बिदाइ गर्दा सेती-कर्णालीवासीले डोलीमा र महाकालीवासीले गौरादेवीलाई डालोमा पूजा गर्ने गर्दछ । गौरा बिदाइ हेरी चारदेखि १२ दिनभित्र हुन्छ भने देवीलाई रुखको बाङ्गो हाँगा वा टोड्का अथवा जलाशयमा विसर्जन गर्ने गरिन्छ ।






बैकुण्ठ भण्डारी

# तीजको रहर, आण्टी लवर !

विद्यालयको प्रांगणमा भव्य कार्यक्रमको तयारी गरिएको थियो । विद्यालयमा काम गर्ने शिक्षिकाहरू राताम्मै देखिन्थे । अगाडि राखिएको सोफामा केही पुरुष भलाद्मीहरू थिए । प्रमुख अतिथिका रूपमा पुरुष नै थिए । अगाडि व्यानरमा लेखिएको थियो 'हिन्दू धर्मावलम्बी महिलाहरूको महान चाड तीज महोत्सव' । तीज महोत्सव कार्यक्रमका लागि मञ्चमा बसेका सबै पुरुषमात्र थिए । व्यवस्थापन समितिको अध्यक्षदेखि प्रधानाध्यापक, प्रमुख अतिथि, अतिथि लगानीकर्ता को-को थिए । कार्यक्रमलाई औपचारिकतामा ढाल्ने भन्दै पुरुष उद्घोषक माइक समात्न पुगे । सायद उनी नेपाली शिक्षक हुनुपर्छ ।

आसन ग्रहणबाट सुरू भएको कार्यक्रममा मन्तव्य नहुने त कुरै भएन । पालैपालो मञ्चमा रहेको रातो सोफामा आसीन पुरुष व्यक्तिहरूले तीज पर्व, नेपाली संस्कार र पर्व अनि नारीका विषयमा महत्त्वपूर्ण भाषण छाँटे । शिक्षा क्षेत्रमा काम गर्ने त हुन् गफ दिन त आइहाल्छ । तर त्यस्तो तीज महोत्सवमा मञ्चमा एकजना पनि महिला राखिएको थिएन । तर भाषण गर्ने बेलामा महिला अधिकार, नारी सशक्तीकरणका विषयमा चर्के कुरा गरे । भाषणमा त्यत्रो नारीवादी हुने व्यक्तिहरू कसैले पनि मञ्चमा महिला हुनुपर्छ भन्ने आँट गरेनन् वा किन राख्ने भन्ने सोच भएको पनि हुन सक्छ !

भाषण-ताषण सकिएपछि सुरू भयो तीज महोत्सव । अब त दर खाने, नाँच्ने उही त हो काम । उद्घोषकले बोले, 'अब तीजको महत्त्वपूर्ण कार्यक्रम सुरू हुँदै छ, भाइबहिनीहरूलाई नृत्यका लागि बोलाउँछु ।'

उनको बोली सकिन नपाउँदै छ जना विद्यार्थी मञ्चमा उक्लिए । संस्कृति जोगाउने, सभ्यता सिकाउने पर्व पनि हो तीज । त्यही भएर बालबालिकाहरूलाई नृत्यका लागि बोलाइएको हुनुपर्छ । उनीहरूले पनि रीतिरिवाज त थाहा पाउनुपर्ने होला ? मञ्चको दायाँबायाँ राखिएका ठूलठूला 'स्पिकर' मा गीत घन्किन थाल्यो । स्पिकरको आवाज निकै टाढासम्म सुनिनेगरी ठूलो आवाज पारिएको थियो । ताकि विद्यालयमा तीजको कार्यक्रम छ भन्ने कुरा अरुले पनि चाल पाऊन् भनेर नै होला !

तीज महोत्सवमा बालबालिकाले आफ्नो नृत्य प्रस्तुत गर्न थाले । 'के छ खबर आण्टी लवर' । बालबालिका मञ्चमा नाँचिरहँदा दर्शकदिर्घामा रहेकाहरू पनि उठेर नाँच्न थालिसकेका थिए । त्यो रौनक देखेर उद्घोषक घाँटीको नसा फुट्ने गरी चिच्याउँदै थिए । 'अब सबै जना उठ्नुस् नाँच्नुस र तीजलाई भव्य बनाउनुस् । तीज पर्वले संस्कृति संरक्षणमा योगदान दिन्छ ।'

मलाई भित्रैदेखि हाँसो उठिरहेको थियो । विद्यालयले तीज महोत्सव आयोजना गरेको छ । अनि विद्यार्थी 'आण्टी लवर...' भन्ने गीतमा नाचिरहेका छन् । कस्तो खालको संस्कृति बचाउने प्रयास विद्यालयले गरिरहेको हो ? विद्यालयले सिकाउने संस्कार त्यही हो त ? तीजको रहर भन्दै 'आण्टी लवर' को गीतमा नचाउने ? सोमबार दर खाने दिनको दृश्य हो यो । अनि हामी तीजका नाममा एक महिना अगाडिदेखि नै दर खाने प्रचलन भित्र्याइसकेका छौं । अब त गीत पनि 'आण्टी लवर' त्यो भन्दा के चाहियो त ?

यस्ता गीतले बालबालिकाहरूमो मस्तिष्कमा कस्तो प्रभाव पार्ला ? पर्व के हो र त्यसलाई संरक्षण गर्नका लागि कस्तो गीत आवश्यक पर्छ ? लेख्ने, गाउने, बजाउनेदेखि हेराउनेसम्मले सामाजिक मर्यादालाई ख्याल गर्नु पर्दैन ? यति भएपछि हाम्रो संस्कृति संस्कारमात्र होइन सत्कार पनि मज्जाले बच्ने भो त ? तीजमा गाइने गीत यस्तै हुनुपर्छ ? यही हो मौलिक संस्कार या के हो यो ?

हुन त हामी निकै नै भाग्यमानी देशका नागरिक । जहाँ विद्यालयले 'आण्टी लवर' सिकाउँछ अनि कानुन बनाउन गएका सांसदहरू रित्तो कागजमा हस्ताक्षर गरिदिन्छन् । हामी मौलिक संस्कार सिकाइरहेका छौं कि गलत संस्कार भित्र्याइरहेका छौं ? होला हिजो तीज भन्नेबित्तिकै विरहका भाका गाउनुपर्ने थियो । चेलीहरूले घरमा पाएको पीडालाई गीतमार्फत जानकारी गराउने एउटा माध्यम थियो होला । तर अहिले तीजका लागि तयार गरिएका गीत र शब्दले नेपालको संस्कृति जोगाउने काम भयो कि भत्काउने काम भइरहेको छ ?

महिना दिन अगाडिदेखि खाने दर र भड्किला गीतलगायतका कारण पनि तीजको रौनक त छ होला तर विकृत रूपमा छ भन्नुपर्छ । तीज जुनरूपमा मनाउनुपर्ने थियो त्यो भन्दा निकै विकृत बन्दै गइरहेको छ । यसले नेपाली परम्परारा संस्कृति जोगाउनेभन्दा पनि बिगार्ने काम गरिरहेको छ । सरकार छ, त्यसले सुन्दै सुन्दैन । तीज परम्पराका लागि मनाइदिने हो भने त ठीकै छ । संस्कार सिकाउने योजना हो भने विद्यालयस्तरमा बज्ने यस्ता 'आण्टी लवर' गीतलाई बन्द गरिनुपर्छ । जसले समाजमा विकृत सन्देश नजाओस् । 'आण्टी लवर' गीतले सुन्दा जति रमाइलो होला वा नाच्नका लागि जसरी सहज भइरहेको होला । त्यसले हाम्रो समाजमात्र होइन घरपरिवारभित्रसमेत कस्तो सन्देश दिन्छ भन्ने हो ।

कुनै बेला एउटा टेलिभिजनमा तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई नातिले मुखाँ हान्नुजस्तो भनेको भएर केही समय सो शब्दलाई रोकिएको चर्चा थियो । अब हामी तीजको गीतमा 'आण्टी लवर' भनिरहँदा त्यसबाट के सन्देश गइरहेको छ भन्ने कुरा राज्य र सरोकारवालाले ध्यान दिनुपर्छ कि पर्दैन ? पछिल्लो केही वर्षयता तीजको नाममा भड्किलामात्र होइन निकै उच्छृंखल गीतहरू सार्वजनिक हुन थालेका छन् । यसले न त नेपाली मौलिकतालाई बचाउँछ न त नेपाली सभ्यता, संस्कृतिलाई नै । केही समयको मनोरञ्जनका लागि भन्दैमा तीजमा मौलिकता र सभ्यता र संस्कार नै नामेट पार्नेगरी गाइने वा प्रस्तुतिलाई बेलैमा रोक्न सकिएन भने त्यसलाई सामाजिक रूपान्तरणका लागि भइरहेका प्रयासलाई समेत आर्यघाटमा पुऱ्याउने निश्चित छ । त्यसैले तीजको रहर 'आण्टी लवर' हुनै सक्दैन । 'कस्ताकस्ता आए, गुलेली चलाए, मटचाङ्ग्रा सत्यानाश' भनेजस्तै हो ।



**दुना टपरी गाँस्दै महिला** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–३ का थारु समुदायका महिला अटवारी पर्वमा आउने पाहुनालाई परिकार पस्कनका लागि सालको पातको दुना टपरी गाँस्दै । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# पुल नहुँदा 'मेची पारि'को विद्यालयमा पठनपाठन ठप्प

■ **चन्द्रकला भण्डारी**

**झापा–** 'मेची पारिको नेपाल' भनेर चिनिएको मेचीनगर नगरपालिका-१५ स्थित ग्वालबस्तीको मेची आधारभूत विद्यालयमा पठनपाठन ठप्प छ ।

विद्यार्थी वा शिक्षक नभएर विद्यालयको पठनपाठन बन्द भएको भने होइन । मेची नदीमा पुल नभएका कारण बर्खाको समयमा शिक्षक विद्यालय पुग्न असम्भव हुँदा पढाइ नै प्रभावित भएको हो ।

मेची पारिको ग्वाल बस्तीमा रहेको विद्यालयमा कक्षा २ सम्म पठनपाठन हुँदै आएको छ । विद्यालयमा कार्यरत दुई शिक्षक र एक कर्मचारीको बसोबास मेची वारि छ । विद्यालयका प्रधानाध्यापक लोकेन्द्र थपलिया, शिक्षिका रमादेवी ढकाल र कर्मचारी राजेश राजवंशीको घर मेची वारि छ । हिउँदमै घुँडामाथि पानी हुने मेची नदीमा पुल नभएका कारण शिक्षक र कर्मचारीहरू बर्खाको भेलमा पौडी खेलेर मेची पारि विद्यालय पुग्न सम्भव छैन ।

'गत साउन २५ गतेदेखि विद्यालय खुल्नुपर्ने हो,' विद्यालयका प्रधानाध्यापक थपलिया भन्छन्, 'विद्यालय जानका लागि मेची नदीमा पुल छैन, कसरी विद्यालय पुग्ने ?' बर्खापछि नदीमा पानीको सतह घटेपछि मात्र विद्यालयको पढाइ सुरु हुने छ । सिमानाको नदी मेचीमा बर्खायाममा पानीको



सतह धेरै हुने भएकाले विद्यालय जान नसक्नु शिक्षकहरूको बाध्यता हो । वैकल्पिक उपाय खोज्ने हो भने उत्तरतिर काँकडभिट्टा र दक्षिणतिर भद्रपुरको मेची पुल तरेर भारतीय मार्गबाट पुग्नुपर्ने हुन्छ ।

उत्तर र दक्षिणतिरको दुईवटै भारतीय मार्ग भएर विद्यालय पुग्न ३० देखि ४० किलोमिटरको दूरी तय गर्नुपर्ने हुन्छ । भद्रपुरबाट जाँदा विहार र काँकडभिट्टाबाट जाँदा पश्चिम बङ्गालको बाटो प्रयोग गर्नुपर्ने हुन्छ । यो विकल्प प्रयोग गर्न पनि असम्भव नै छ ।

'विद्यालय खुलाउन नसके पनि भारतीय मार्ग भएर दुईपटक रेखदेखका लागि पुगेको छु,' प्रअ थपलिया भन्छन्, 'अहिले मात्र होइन, बर्खाको समयमा विद्यालयको पठनपाठन बन्द हुनु वर्षैपिच्छेको समस्या हो ।' वि.सं. २०५७ मा मेची पारिको नेपालमा शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यले मेची प्राथमिक विद्यालयको स्थापना भएको थियो । त्यसयता असारदेखि भदौ असोजसम्म विद्यालयमा कुनै वर्ष पनि पठनपाठन हुन सकेको छैन ।

उक्त विद्यालयमा हाल ११ विद्यार्थी छन् । साविक ज्यामिरगढी गाउँ विकास समितिको वडा नं १ मा रहेको ग्वाल बस्ती, शिशौ डाँगी र झाडु बस्ती भौगोलिक हिसाबले मेची नदी पारि रहयो । अहिले ती तीनवटै गाउँ मेचीनगरको वडा नं १५ मा पर्दछन् ।

गाउँमा ५० परिवारको बसोबास छ । अधिकांश मानिसहरू राजवंशी, यादव, सन्थाललगायत आदिवासी समुदायका छन् । गाउँमा पढेलेखेका मानिस नहुनु र अधिकांशले खेतीपाती तथा पशुपालन गरेर जीविका चलाउँदै आएका कारण शिक्षाको आवश्यकताबारेमा गाउँलेमा चेतनाको कमी छ ।

'त्यो गाउँमा कक्षा २ सम्म पढ्ने उमेरका बालबालिका यति नै हुन्,' प्रअ थपलिया भन्छन्, 'त्योभन्दा माथिको कक्षा पढ्न स्थानीय बालबालिका भारततिरै जान बाध्य छन्, केही मात्र मेची नदी तरेर वारिका विद्यालयमा पढ्न आउँछन् ।' पाँच कट्ठा जग्गामा बनेको पुरानो भवनमा विद्यालय सञ्चालित छ । विद्यालयमा राष्ट्रिय झण्डा फहराइएको छ । विद्यार्थीका लागि पिउने पानीको प्रबन्धका लागि विद्यालय परिसरमा एउटा ट्युबेल गाडिएको छ । विद्यालयमा बिजुली बत्तीको व्यवस्था छैन ।

विद्यालय स्थापना हुनुभन्दा पहिलेदेखि नै स्थानीयले मेची नदीमा पुलको माग गर्दै आएका छन् । मुलुकमा राजनीतिक व्यवस्था फेरियो, तर मेची पारिको नेपाललाई सिंगो नेपालसँग जोड्न एउटा पुल त्यहाँ बन्न सकेको छैन । पछिल्लो दुई दशकदेखि ती गाउँलाई जोड्न मेची नदीमा झोलुंगे पुल बनाउने आश्वासन सरकारले दिइरहेको छ । बल्ल आव २०८२/८३ को बजेटमा झोलुंगे पुलका लागि पाँच लाख रूपैयाँ बजेट विनियोजन भएको छ ।

मेचीनगर-१५ का वडा सदस्य वृक्षलाल राजवंशीले पाँच लाख रूपैयाँ बजेटबाट झोलुंगे पुलका लागि डिपीआर तयार पार्ने कुरा सुनेको बताए । उनी भन्छन्, 'हामीले पुल चाहियो भनेर आवाज उठाइरहेका छौं, तर अहिलेसम्म झोलुंगे पुलसम्म बन्न सकेको छैन ।' *रासस*

# कम शुल्कमा गुणस्तरीय सेवा दिंदै लहान मुटु अस्पताल

**सिरहा–** लहान नगरपालिका-४ मा निर्माणाधीन मुटु अस्पतालले सेवा विस्तार गर्दै आधुनिक प्रयोगशाला सञ्चालनमा ल्याएको छ । करिब छ महिनाअघि अस्पतालले बहिरंग (ओपिडी) सेवा प्रारम्भ गरेको थियो ।

अस्पतालका कार्यकारी निर्देशक डा. सञ्जयप्रसाद साहका अनुसार मुटुसम्बन्धी सम्पूर्ण परीक्षण प्रयोगशालामा न्यूनतम शुल्कमा सुरुआत गरिएको छ । काठमाडौंको सहिद गंगालाल अस्पतालमा एक हजार ५०० रूपैयाँ पर्ने 'इको' परीक्षण यहाँ केवल एक हजार रूपैयाँमै गरिने छ । त्यस्तै अन्य शुल्क पनि न्यूनतम रहेको छ । हालसम्म दुई हजार ३०० भन्दा बढी बिरामीले सेवा लिइसकेका छन्, भने दैनिक १० जनाभन्दा बढी बिरामी आउने गरेको अस्पतालले जानकारी दिएको छ । अस्पतालले नाफा नभई सेवालक्षित मोडेलमा काम गरिरहेको छ । 'नाफारहित अस्पताल बन्ने भएकाले यहाँका नागरिकले सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने विश्वास लिएका छौं,' अस्पतालका कार्यकारी निर्देशक डा.साहले बताए ।

अहिले दुई भवनमा ओपिडी सेवा चलिरहेको छ, जुन लहान नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक ११ बिघा जग्गामा निर्माण गरिएको हो । डा. साहका अनुसार, सो जग्गामै आगामी दिनमा पूर्ण ५०० शयचाको अस्पताल निर्माण हुने योजना छ, जसको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।

अस्पताल प्रशासनले आगामी एक वर्षभित्र २५ शयचाको 'आइसियू'(सघन उपचार कक्ष) र 'सिटी स्क्यान' सहितको सेवा सुरु गर्ने तयारी गरिरहेको छ । 'कार्डियो र डाइबेटिक सेण्टर'को रूपमा विस्तार हुँदै गरेको यो अस्पतालले स्थानीयहरूलाई अब धरान, विराटनगर वा काठमाडौं जानु नपर्ने विश्वास दिलाएको छ । यो अस्पताल नेपाल हृदय रोग निवारण संघअन्तर्गत सञ्चालनमा ल्याइएको हो । संघका कार्यकारी अध्यक्ष डा. बालकृष्ण ओर्ग्यान लहानमै जन्मिएर हाल जर्मनीमा वरिष्ठ मुटुरोग विशेषज्ञका रूपमा कार्यरत छन् । उनकै पहलमा 'नेपाल मेड ई भि' र 'रोटरी क्लब कटबस' जस्ता दुई जर्मन गैरसरकारी संस्थाबाट करिब दुई अर्ब रूपैयाँबराबरको आर्थिक सहयोगमा अस्पतालको निर्माण प्रक्रिया अघि बढाइएको हो ।

'यस प्रकारको अस्पतालको अवधारणा डा. बालकृष्ण ओर्ग्यानका कारण सम्भव भएको हो,' डा. साहले भने, 'जो यही लहानको भूमिमा जन्मिएर मुटुरोग विशेषज्ञको रूपमा हाल जर्मनीमा कार्यरत रहनुभएको छ ।' अस्पतालका निर्देशक डा. साहका अनुसार आगामी अक्टोबरमा डा. ओर्ग्यानसहित जर्मनीमा कार्यरत मुटु विशेषज्ञहरूको टोली नेपाल आउने र अस्पतालको प्रगति निरीक्षण गर्नुका साथै प्राविधिक सल्लाह दिने छ ।

अस्पतालको प्रशासन तथा वित्त शाखा प्रमुख रिना चौधरीका अनुसार, विभिन्न संघ संस्था र दाताहरूसँग समन्वयको प्रक्रिया जारी रहेको छ । जनप्रतिनिधिहरूको ध्यानाकर्षण गराउँदै उनले अस्पतालसम्मको सडक पूर्वाधार सुधार आवश्यक रहेको बताइन् । यति न्यूनतम शुल्कमा गुणस्तरीय सेवा दिइँदै आएको भए पनि प्रचारप्रसारको अभाव रहेको उल्लेख गर्दै, स्थानीयको साथ, सहयोग र विश्वासले नै अस्पतालको भविष्य उज्ज्वल बनाउने विश्वास पनि उनले व्यक्त गरिन् ।

लहानको यो मुटु अस्पताल केवल स्वास्थ्य सेवा केन्द्रमात्र नभई स्थानीय विकासको एक गौरवपूर्ण आयोजना बन्दै गएको छ । 'स्वास्थ्यको पहुँच सबैका लागि सुनिश्चित गर्ने दिशामा यो अस्पताल ऐतिहासिक कदम हो,' रोटरी क्लब अफ लहानका अध्यक्ष तथा स्थानीय समाजसेवी अभिषेक रोसनले भने, 'कम शुल्क, गुणस्तरीय सेवा, अन्तर्राष्ट्रिय सहयोग र दीर्घकालीन लक्ष्यले यो अस्पताललाई मधेस प्रदेशकै उत्कृष्ट स्वास्थ्य संस्था बनाउने स्पष्ट संकेत देखिन्छ ।' *रासस*

**मुग्लिन-पोखरा सडक**

# पूर्वी खण्डको म्याद चौथो पटक थपियो

**तनहुँ (प्रस)–** मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) को चौथो पटक म्याद थप भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पूर्वीखण्डअन्तर्गत तनहुँको जामुनेदेखि आँबुखैरेनीसम्मको चौथो पटक म्याद थप गरेको हो ।

मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इञ्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार आगामी असोज २५ गतेसम्म म्याद थप भएको छ । यो खण्डको तेस्रो पटक थप भएको म्याद गत असार २९ गतेदेखि सकिएको थियो ।

पूर्वीखण्डअन्तर्गत आँबुखैरेनीदेखि जामुनेसम्मको ४१.५ किलोमिटर खण्डमा चार लेनमा कालोपत्र सम्पन्न भइसकेको छ । कालोपत्रबाहेकका अन्य केही काम बाँकी रहेकाले केही समय म्याद थपका लागि भौतिक पूर्वाधार मन्त्रालयमा सिफारिस गरिएको थियो । उनले भने, 'कालोपत्रको सबै काम सकिएको छ, दमौली बजारमा छ लेन र अन्य ठाउँमा चार लेनमा सडक कालोपत्र भएका छन् । अधिकांश ठाउँमा सडक रङरोगन पनि सकिएको छ । अब थोरैमात्र काम बाँकी रहेकाले केही समय म्याद थपका लागि पठाएका थियौं ।'

सम्झौता भएको तीन वर्ष र पछिल्लो ४५६ दिनमा कालोपत्रको काम सकिएको उनको भनाइ छ । पूर्वी खण्डमा २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । उक्त खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । वि.सं. २०२६ सालमा रेखांकन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाइएको हो । पूर्वी खण्डको ठेक्का छ अर्ब २१ करोड ३१ लाख १३ हजार रूपैयाँमा लागेको छ ।

# कोशी अस्पतालमा निःसन्तान उपचार क्लिनिक

■ **जुनु भट्टराई**

**विराटनगर–** कोशी अस्पतालमा इण्ट्रा युट्राइन इन्सेमिनेसन (आइयुआई) सेवा सञ्चालनमा आएपछि निःसन्तानपनको समस्याले पीडित दम्पतीलाई सहयोग पुऱ्याएको छ । दैनिक १० देखि १५ दम्पती निःसन्तान उपचारका लागि अस्पलालद्वारा सञ्चालित निःसन्तान उपचार क्लिनिक आउने गरेका छन् । अस्पतालको स्त्री तथा प्रसूति रोग विभागमार्फत सञ्चालन भइरहेको उक्त क्लिनिक संघीय राजधानी बाहिर पहिलोपटक सरकारी अस्पतालमा सञ्चालन गरिएको हो ।

उक्त सेवा सञ्चालनमा आएपछि निजी अस्पतालमा गएर खर्च धान्न नसक्ने न्यून आय भएका दम्पतीले राहत महसुस गरेको अस्पतालकी मेडिकल सुपरिटेण्डेण्ट डा. रुणा झाले बताइन् । 'निजी क्लिनिकमा गएर निःसन्तानपनको उपचार गर्न नसक्ने गरिब तथा विपन्न वर्गका दाम्पतीलाई सरकारी अस्पतालमा सर्वसुलभ तरिकाले उपचार सेवा प्रदान गर्ने उद्देश्यले अस्पतालमा सेवा सुरु गरेका थियौं,' उनले भनिन्, 'अझै पनि धेरैलाई निःसन्तान क्लिनिकले प्रदान गर्ने सेवाको बारेमा जानकारी पर्याप्त मात्रामा पुग्न सकेको छैन, त्यसैले सोचेजस्तो सेवाग्राही आएका छैनन् ।'

अस्पतालको स्त्री तथा प्रसूति रोग विभाग प्रमुख डा. अञ्जुदेव र स्त्रीरोग विशेषज्ञ डा. मधुमिता राणाले उक्त क्लिनिकमा सेवा प्रदान गरिरहेका छन् । परामर्श, प्रारम्भिक परीक्षणदेखि लिएर आवश्यक भएमा आइयुआईसम्मको सेवा विभागमार्फत दिइने गरिएको छ ।

निजी अस्पतालको खर्च धान्न नसक्ने धेरै दम्पती यहाँ सुलभ शुल्कमा परीक्षण,




परामर्श र उपचार सरकारी अस्पतालमै सञ्चालन भएपछि धेरैलाई आशा पलाएको प्रमुख डा. अञ्जुदेव बताउँछन् । 'हामीले संघीय राजधानीको प्रसूति गृह अस्पताल सरहको शुल्कमै सेवा प्रदान गरिरहेका छौं,' उनी भन्छन्, 'हामीले आइयुआई सेवाको शुल्क करिब छ हजार रूपैयाँ तोकेको छौं जुन निजी क्लिनिकमा दोब्बर वा सो भन्दा बढी पर्छ । शुल्क सस्तो भएपछि मध्यम आयवर्गका दम्पतीलाई यसले ठूलो राहत दिएको छ ।'

## बिमाबाट सेवा लिन सकिने

अस्पतालले सुरु गरेको निःसन्तान उपचार सेवा स्वास्थ्य बीमितका लागि राहतदायी बन्ने भएको छ । अस्पतालका अनुसार बिमामा आवद्ध सेवाग्राहीले बिमा कार्ड प्रयोग गरी आवश्यक जाँच र उपचार सेवामध्ये अधिकांश सुविधा कम खर्चमा लिन सक्ने छन् । प्रमुख डा. अञ्जुदेवका अनुसार निःसन्तानको समस्यामा परेका दम्पतीका लागि यो सेवा ठूलो राहतका रूपमा आउने छ । 'कुनै-कुनै अपवादबाहेक अधिकांश जाँच स्वास्थ्य बिमा योजनामार्फत नै गराउन सकिन्छ,' उनले भने, 'हाम्रो चाहना सकेसम्म बिरामीलाई न्यून खर्चमा सेवा दिन सकियोस् भन्ने हो ।'

उपचारको बारेमा आमजनतालाई अझ जानकारी दिनुपर्ने आवश्यकता औंल्याउँदै, बिमाको पहुँच बढे उपचार सेवामा सहजता आउने विश्वास रहेकोसमेत बताए । यसबाट विशेषगरी आर्थिक कारणले उपचारबाट वञ्चित हुँदै आएका परिवारलाई प्रत्यक्ष लाभ हुने अपेक्षा गरिएको उनको भनाइ छ ।

निःसन्तानपनको उपचारमा आइयुआई प्रारम्भिक चरणमा प्रयोग हुने प्रविधि मानिन्छ । उनी भन्छन्, 'पुरुषमा शुक्राणुको मात्रा वा गुणस्तर कम हुँदा, महिलामा अण्डा उत्पादनमा समस्या हुने, महिनावारी अनियमित हुने वा शुक्राणु पाठेघरमा नपुग्ने समस्या आयो भने आइयुआई प्रविधिबाट सन्तान सुख दिलाउन सकिन्छ ।'

उनका अनुसार हाल अस्पतालमा आइयुआई सेवा सुरु गरिएको छ, भने सफलतापूर्वक सञ्चालन भएपछि आवश्यकता अनुसार इन-भिट्रो फर्टिलाइजेसन (आइभिएफ) सेवा पनि सुरु गर्ने योजना छ । आइयुआईबाट पनि उपचार सम्भव नभएमा भने दम्पतीलाई सरकारले सञ्चालन गरेको अन्य अस्पतालमा रेफर गरिने उनको भनाइ छ ।

नेपालमा निःसन्तानपन स्वास्थ्य समस्याका रूपमा देखा पर्न थालेको चिकित्सकहरूले बताएका छन् । महिलामा प्रजनन अंगसँग सम्बन्धित रोग, मासिक धर्मको अनियमितता, हर्मोनल असन्तुलन, अण्डा उत्पादनमा कमी वा अण्डाशयसम्बन्धी समस्या प्रमुख कारण मानिन्छ । त्यस्तै, पुरुषमा शुक्राणुको उत्पादन, गति वा गुणस्तरमा कमी हुँदा पनि सन्तान सुख टाढा हुने गरेको छ ।

विश्व स्वास्थ्य संगठनका तथ्यांकअनुसार, निःसन्तानपनले विश्वभर करिब १५ प्रतिशत दम्पतीलाई असर गर्छ । नेपालमा पनि करिब १० देखि १५ प्रतिशत दम्पती यस समस्याबाट प्रभावित हुने गरेको अनुमान छ । कोशी अस्पतालले सञ्चालन गरेको यो क्लिनिक उपचारमात्रै होइन, प्रजनन स्वास्थ्यबारे जनचेतना फैलाउने र मानसिक-भावनात्मक सहयोग पुऱ्याउने उद्देश्यसहित अघि बढाइएको छ । निःसन्तानपन केवल स्वास्थ्य समस्यामात्र नभई सामाजिक दबाब र मानसिक तनावसँग पनि जोडिएको हुन्छ । यस्ता अवस्थामा परामर्श, जानकारी र उपचार एकैसाथ उपलब्ध हुँदा दम्पतीले ठूलो राहत पाउने अस्पतालले जनाएको छ । *रासस*


**युएइमा रोजगार** — कम्पनी : PANDIMEENAL CARPENTRY & FLOORING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 329918 | चलानी नं. ६०२४३७४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICKLAYER | 3 | 0 | 1500 | ५६,६५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1500 | ५६,६५१ | | | | | | | |
| 3 | Steel Fixer | 5 | 0 | 1500 | ५६,६५१ | | | | | | | |
| 4 | STONE MASON | 3 | 0 | 1500 | ५६,६५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १६ गते (1st Sep. 2025) मा हुनेछ ।

नोट : यो LT. No. 329918 को विज्ञापन मिति २०८२/०५/०९ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले मिति २०८२/०५/१० गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

**साउदीमा रोजगार** — कम्पनी : FIRST CLASS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 329910 | चलानी नं. ६०२४३७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labor | 1 | 0 | 2000 | ७३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**

Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911

E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

श्रम ईजाजत नं. ७८८/०६५/०६६

**कतारमा रोजगार** — कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 311056 | चलानी नं. ६०२२५७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | welder | 1 | 0 | 1100 | ४१,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | reinforce fitters | 3 | 0 | 1100 | ४१,९०५ | | | | | | | |
| 3 | electric tech | 2 | 0 | 1100 | ४१,९०५ | | | | | | | |

कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८१/०८/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 314284 | चलानी नं. ६०२२८६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | tile maker | 3 | 0 | 1100 | ४१,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | plaster worker | 1 | 0 | 1100 | ४१,९०५ | | | | | | | |
| 3 | mason (nepal) | 1 | 0 | 1100 | ४१,९०५ | | | | | | | |
| 4 | labour | 6 | 0 | 1000 | ३८,०९५ | | | | | | | |

कम्पनी : RANMAL GROUP CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८१/०४/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०९ | LT. No. 309599 | चलानी नं. ६०२२४२०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | welder | 1 | 0 | 1100 | ४१,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | store keeper | 1 | 0 | 1100 | ४१,९०५ | | | | | | | |
| 3 | painter | 3 | 0 | 1100 | ४१,९०५ | | | | | | | |
| 4 | blacksmith | 1 | 0 | 1100 | ४१,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १७ गते (2nd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**

Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

### 'जेरीः अन टप' को टिजर सार्वजनिक

चलचित्र 'जेरी अन टप'को टिजर सार्वजनिक भएको छ । अनमोल केसीको मुख्य भूमिका रहेको चलचित्रको टिजरमा कथावस्तु र पात्रको चरित्र बुझाउन खोजिएको छ । चलचित्रको निर्देशन सुयोग गुरूङले गरेका हुन् । सगरमाथा आरोहण र यात्राको क्रममा हुने प्रेमकथामा निर्माण भएको चलचित्रमा अनमोलसहित जसिता गुरूङ, आँचल शर्मा, केदार घिमिरे 'माग्ने बुढा', भुवन केसी र उषा खड्गीको अभिनय छ । चलचित्रको पटकथा हेमराज बीसी हुन् । सरोज न्यौपानेको प्रस्तुतिमा रोविन शेरचन, रामकृष्ण श्रेष्ठ र दीपक भण्डारी निर्माता रहेका छन् ।





# नुर र विदुशीलाई 'मिस्टर एण्ड मिस इस्टपोल २०८२'को उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिएस इन्टरटेनमेन्ट नेपालले इस्टपोल सेकेण्डरी स्कुलसँग सहकार्य गर्दै राजधानीमा आयोजना गरेको पहिलो संस्करणको 'मिस्टर एण्ड मिस इस्टपोल २०८२'को उपाधि मिस्टरतर्फ नुर दाहाल र मिसतर्फ विदुशी शाहले जितेका छन् । विजेता दुवैले एक वर्षको छात्रवृत्तिसँगै विभिन्न पुरस्कार जितेका छन् ।

प्रतियोगितामा मिस्टरतर्फ डेरियस महतो र मिसतर्फ छोंगी लामा फस्ट रनरअप, मिस्टरतर्फ ह्यान्सन लामा र मिसतर्फ बियांका रोशन पौडेल सेकेण्ड रनरअप घोषित भए । फस्टरनरअपले ६ महिनाको छात्रवृत्ति र सेकेण्ड रनरअपले ३ महिनाको छात्रवृत्ति पाएका छन् ।

त्यस्तै मिस्टरतर्फ नमन्य लोप्चन र मिसतर्फ कृशा राउत 'पब्लिक च्वाइस विनर' र मिस्टरतर्फ डेसमण्ड घिसिङ र मिसतर्फ लछेन घिसिङ 'भ्युअर्स च्वाइस विनर' घोषित भए । पब्लिक च्वाइस विनर विजेताले १० हजार रूपैंयाँ र भ्युअर्स च्वाइस विनरले ५ हजार रूपैंयाँ जितेका छन् ।

नेपालकी प्रथम नायिका भुवन चन्द प्रमुख निर्णायक रहेको प्रतियोगितामा मोटिभेसनल स्पिकर र साइकोलोजिकल काउन्सिलर अशोककुमार दाहाल, 'मिस नेपाल २०२०' नम्रता श्रेष्ठ, गायक लाक्पा शेर्पा, नेसनल चाइल्ड राइट्स काउन्सिलका अध्यक्ष बमबहादुर बानियाँ, लेखक तथा उपन्यासकार भीष्मराज फुलारा र पत्रकार तथा करांँतेको राष्ट्रिय रेफ्री करन तामाङ निर्णायक थिए ।





कार्यक्रममा नेपाल प्रहरीका एआईजी टेकबहादुर तामाङ, टेलिफिल्म लेखक तथा निर्देशक दिवाकर भण्डारी 'बिचारी काका' र न्यू लाइफ नेपालका संस्थापक अध्यक्ष राजेन्द्रकुमार खनाललाई सम्मान गरिएको थियो । प्रतियोगिता संयोजक कलाकार छिरिङ शेर्पाले विद्यार्थीहरूको व्यक्तित्व विकास, आत्मविश्वास वृद्धि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो पहिचान स्थापित गर्ने अवसर सिर्जना गर्न प्रतियोगिता आयोजना गरिएको बताइन् ।

कार्यक्रमका प्रमुख अतिथी राष्ट्रिय सभाका सदस्य बिष्णु पुडासैनीले यस्ता कार्यक्रमले नयाँ पुस्तामा सकारात्मक सोच जगाउने मात्र नभई उनीहरूलाई सफल भविष्यतर्फ अघि बढ्न मार्गदर्शन गर्ने शक्ति दिने बताइन् ।

# सैयारा बन्यो सबैभन्दा धेरैकमाउने 'लभस्टोरी मुभी'



**मुम्बई –** आहान पाण्डे र अनित पड्डा अभिनित फिल्म 'सैयारा' जुलाई १८ मा रिलिज भएको थियो । फिल्मले पहिलो दिनदेखि नै बक्स अफिसमा धुम मच्चाइरहेको छ । सैयारालाई मोहित सुरीले निर्देशन गरेका हुन् । अहिलेसम्म यो चलचित्रले कति कमाइ गरेको छ, अब थाहा पाउनुहोस् । सकनिल्कका अनुसार फिल्मले छैटौं शनिबार ६५ करोड रूपैयाँ कलेक्सन गरेको छ । योसँगै फिल्मको कुल कलेक्सन ३२६.८० करोड पुगेको छ । वारः २ र कुली आए पनि यो फिल्म रोकिने संकेत देखिँदैन । फिल्मलाई फ्यानले अझै रुचाइरहेका छन् ।

सैयाराले पहिलो साता १७२.७५ करोड कमाएको थियो । फिल्मले दोस्रो हप्तामा १०७.७५ करोड कमाएको थियो । फिल्मले तेस्रो हप्तामा २८.२५ करोड कमाएको छ । फिल्मले चौथो हप्तामा १४.१ करोडको व्यापार गरेको थियो । फिल्मले पाँचौं हप्तामा २.९५ करोड कमाउन सफल भएको छ ।

तपाईलाई बताउन दिनुहोस् कि अभिनेता आहान पाण्डे र अनित प•ले सैयाराबाट बलिउडमा डेब्यू गरेका थिए। आहान पाण्डे अनन्या पाण्डेकी कजिन हुन् । आहानको बुबाको नाम चिक्की पाण्डे हो । अनित पड्डाले धेरै लोकप्रिय विज्ञापनहरू गरेका छन् र वेब शोहरूको एक हिस्सा पनि छन् ।

सैयारालाई यशराज फिल्मसले निर्माण गरेको हो । फिल्मलाई लिएर कुनै किसिमको प्रचार प्रसार भएको थिएन तर फिल्मले उत्कृष्ट रिभ्युज पाएको छ र फिल्मले ठूलो कमाइ गरेर नयाँ रेकर्ड बनाएको छ । यो अहिलेसम्मकै सबैभन्दा बढी कमाउने 'लभ स्टोरी' बलिउड फिल्म हो ।

चलचित्रमा एउटा प्रेमकथा देखाइएको छ, जसलाई युवा पुस्ताले निकै रुचाइरहेको छ । फिल्म हेरेपछि फ्यानहरू पनि भावुक बनेका छन् । थिएटरबाट फ्यानहरू भावुक हुने धेरै भिडियोहरू बाहिर आएका थिए । केही समयअघि कुली र वार २ पनि थिएटरमा रिलिज भएका थिए तर सैयारामा त्यसको खासै प्रभाव अझै पनि परेको छैन ।



## नेपाल 'ए'-आसाम टी-२० क्रिकेट

# गुहाटीमा हुने पाँच टी-२० को खेल तालिका सार्वजनिक





**काठमाडौं (प्रस)–** नेपाल 'ए' ले आसाम प्रदेशको टोलीसँग खेल्ने पाँच खेलको ट्वान्टी-२० अभ्यास शृंखलाको खेल तालिका सार्वजनिक भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार सार्वजनिक गरेको तालिका अनुसार शृंखला अगस्ट २८ देखि सेप्टेम्बर १ सम्म गुहावटीमा हुनेछ ।

शृंखलामा लगातार पाँच दिन खेल हुनेछ । सुरुआती दुई खेल दिन तथा त्यसपछिका तीन खेल दिन/रातमा हुनेछन् । नेपाली टोलीको कप्तानी अनिलकुमार शाहले गर्नेछन् ।

**नेपाली टोली**

अनिलकुमार साह (कप्तान/विकेटकिपर), शुभ कंसकार, इशान पाण्डे, देव खनाल, सन्दीप जोरा, आदिल आलम अन्सारी, पवन सर्राफ, विवेकुमार यादव, कमलसिंह ऐरी, बसिर अहमद, आकाश चन्द, सागर ढकाल, अर्जुन घर्तीमगर (विकेटकिपर), तृतराज दास, शेर मल्ल, युवराज खत्री

## एन्फा यु-१६ युथ लिग

# सातदोबाटोविरुद्ध मनाङको फराकिलो जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** मनाङ मर्स्याङदी क्लबले एन्फा यु-१६ युथ लिगमा सोमबार सातदोबाटो युवा क्लबविरुद्ध ६-२ को सहज जित दर्ता गरेको छ ।

जितसँगै १५ खेलमा ३४ अंक जोडेको मनाङ दोस्रो स्थानमा छ । १५ वटै खेलमा पराजित सातदोबाटो अंकविहिन छ ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा मनाङलाई जित दिलाउन प्रकाश सिंहले पाँच तथा साकिन कुँवरले एक गोल गरे । सातदोबाटोका लागि सुनिल विश्वकर्मा र युवराज भट्टराईले गोल फर्काए ।

खेलको पहिलो मिनेटमै प्रकाशको गोलमार्फत मनाङले अग्रता लिएको थियो । सात मिनेटपछि प्रकाशले नै पेनाल्टीमार्फत टोलीको अग्रता दोब्बर बनाए ।

सुनिलले ११औं मिनेटमा सातदोबाटोका लागि पहिलो गोल फर्काए । १४औं मिनेटमा प्रकाशले ह्याट्रिक पूरा गरे ।

युवराजले २४औं मिनेटमा गोल गर्दा खेल ३-२ को स्थितीमा आयो । प्रकाशले ३६औं मिनेटमा व्यक्तिगत तथा मनाङका लागि चौथो गोल गरे ।

प्रकाशले ४२औं मिनेटमा पेनाल्टीमार्फत पाँचौं गोल गर्दा मनाङले पहिलो हाफमा ५-२ को अग्रता लियो ।

साकिनले ५३औं मिनेटमा टोलीका लागि छैटौं गोल गरे । दुई मिनेटपछि नै धरविन्द्र बोहराले रातो कार्ड बेहोर्दै मैदान छाडेपछि मनाङ १० खेलाडीमा समेटिएको थियो । तर त्यसले नतिजामा कुनै असर गरेन ।

सोमबारै सम्पन्न अन्य खेलमा श्री भगवतीले हिमालयन शेर्पालाई २-१ तथा जावालाखेलले आर्मीलाई ३-० ले पराजित गरे ।

## बिआइबी बास्केटबलः

# मातृभूमि स्कुल च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** आठौं बिआइबी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको फाइनलमा सोमबार आयोजक बौद्ध इन्टरनेसनल स्कुललाई पराजित गर्दै मातृभूमि स्कुल च्याम्पियन भएको छ ।

अत्तरखेल, गोकर्णेश्वरमा आयोजित प्रतियोगिताको फाइनलमा मातृभूमिले प्रभावशाली प्रदर्शन गर्‍यो । उसले घरेलु टिमको चुनौती ५०-३३ ले ब्वाइजतर्फको उपाधि कब्जा गरेको हो । गर्ल्सतर्फ चाँदबाग स्कुलले काष्ठमण्डप विद्यालयलाई २१-८ ले हराएर उपाधि जित्यो । गर्ल्सतर्फ चाँदबागकी सौर्या बाराकोटी र ब्वाइजतर्फ मातृभूमिका आभाष राउत मोस्ट भ्याल्युएबल प्लेयर (एमभीपी) घोषित भए । गर्ल्समा काष्ठमण्डपकी वाणिरा अधिकारी र ब्वाइजमा बौद्धका आयुष लामाले हाईएस्ट स्कोररको अवार्ड हात पारे । मेरिडियन इन्टरनेसनल स्कुलले फेयर-प्ले अवार्ड प्राप्त गर्‍यो ।





राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङ, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसाल, बौद्ध इन्टरनेसनल स्कुलका प्रिन्सिपल हरि लामाले विजेता खेलाडी तथा टिमलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरे। लिगकम नकआउटको आधारमा सञ्चालित प्रतियोगितामा ब्वाइजतर्फ २१ र गर्ल्समा १६ टिमले प्रतिस्पर्धा गरेका थिए ।

**Gaurishankar Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Suri-5, Dolakha**

**Invitation for Sealed Quotation (e-Procurement)**

**Notice Publication date :- 2082-05-10**

***Gaurishankar Rural Municipality*** invites sealed quotation from eligible bidders for the procurement of items mentioned below. Interested & eligible bidders shall participate in this bidding process through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2082-05-25.*** For more details please visit PPMO website.

| IFB No/ Notice No. | Description of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|
| 01/GRM/SQ/ GOODS/H/ 2082-83 | Procurement & supply of medicine for Gaurishankar Rural Municipality, Suri-5, Dolakha. | 1,000.00 | 50,000.00 | |

**Chief Administrative Officer**



दक्षिण पश्चिमी चीनको गुइझोउ प्रान्तस्थित वेइनिङमा बाली काट्ने मौसममा सयपत्री फूलहरू उतार्दै एक किसान । *तस्बिरः सिन्ह्वा*

# बंगलादेशमा रोहिंग्याको भविष्य अझै अनिश्चित

**ढाका–** म्यान्माको राखाइन राज्यबाट भागेर सन् २०१७ मा बंगलादेश पुगेका मोहम्मद कैसर अझै कोक्स बजारको शिविरमै बसिरहेका छन् । त्यो रात मुसलधारे वर्षामा उनी आमाबाबु र चार दाजुभाइसँग नाफ नदी पार गर्दै बंगलादेश प्रवेश गरेका थिए ।

आज २८ वर्षीय कैसर बालुखाली शिविरको साँघुरो झुपडीमा बस्छन् । 'घर फर्कन सम्भव छैन, युद्ध जारी छ । यहाँ हरेक दिन नयाँ शरणार्थी आउँछन्,' उनले भने ।



बंगलादेशले संयुक्त राष्ट्रसंघसँग मिलेर रोहिंग्या समस्यामा वार्ता थालेको छ । सेप्टेम्बर ३० मा न्युयोर्कमा हुने सम्मेलनअघि कोक्स बजारमा छलफल भइरहेको छ संयुक्त राष्ट्रसंघका अधिकारी निकोलस कौमजियानले भने, 'रोहिंग्या फर्कन चाहन्छन्, तर सुरक्षित भएमात्र सम्भव हुन्छ ।'

तर राखाइन अहिले गृहयुद्धको केन्द्र बनेको छ । सन् २०२४ यता मात्र थप एक लाख ५० हजार रोहिंग्या बंगलादेश पुगेका छन् ।

कैसरले म्यान्मामा किराना पसल चलाउँथे, तर अहिले शिविरमा अस्तित्वका लागि संघर्ष गर्नुपरेको छ । गुटगत झडप, कमजोर सुरक्षा र हिंसाले बसाइ असुरक्षित बनाएको छ । 'हामी बन्धकझैं छौं, बालबालिका सबैभन्दा बढी जोखिममा छन्,' उनले भने ।

अमेरिकी सहयोग कटौतीपछि खाद्यान्न संकट चर्किएको छ । विश्व खाद्य कार्यक्रमका अनुसार राखाइनका आधाभन्दा बढी परिवारलाई आधारभूत खाना पुग्दैन । शिविरमा हरेक व्यक्तिले मासिक करिब १२ डलर बराबरको राशन पाउँछन्- १३ किलो चामल, एक लिटर तेल, थोरै प्याज, लसुन र नुन । कैसर भन्छन्, 'यसले पेट त भरिन्छ तर पोषण हुँदैन । मेरो तीन वर्षको छोरोलाई दूध वा दाल दिन सक्दिनँ ।'

## शिक्षा र भविष्य

शिक्षा अर्को चुनौती बनेको छ । 'के मेरो छोरो पढेर जागिर पाउने छ, वा जीवनभर शरणार्थी नै रहने छ ?,' कैसर चिन्तित छन् । प्रारम्भमा गाउँलेहरूले मद्दत गरे पनि दीर्घकालीन भविष्य अन्धकारमय देखिन्छ ।

यसैबीच, म्यान्मा जुन्तासँग नजिक रहेका केही समूहले रोहिंग्याहरूलाई भर्ती गर्न खोजिरहेका छन् । 'हरेक पक्षले हामीलाई प्यादाका रूपमा प्रयोग गर्छ,' कैसरको पीडा छ । उनको सरल अपिल छ, 'बंगलादेशले रोहिंग्या बालबालिकालाई स्थानीय विद्यालयमा पढ्न दिनुपर्छ । कमसेकम उनीहरूको भविष्य हाम्रोजस्तो निराशाजनक नहोस् ।' *रासस/एएफपी*

# श्रीलंकाका पूर्वराष्ट्रपति विक्रमासिंघे स्वास्थ्य बिग्रिएपछि आइसियूमा स्थानान्तरण

**कोलम्बो–** श्रीलंकाका पूर्वराष्ट्रपति रनिल विक्रमासिंघे अस्वस्थ भएका कारण मंगलबार अदालतमा उपस्थित हुनसक्ने अवस्था नरहेको डेली मिररले अस्पताल स्रोतलाई उद्धृत गर्दै जानकारी दिएको छ ।

डेली मिररका अनुसार उनलाई अगस्ट २६ (मंगलबार) मा कोलम्बो फोर्ट मजिस्ट्रेटसमक्ष उपस्थित गराउने तय गरिएको थियो । तर अस्पताल अधिकारीहरूले उनको स्वास्थ्य अवस्था अदालतमा जान असम्भव रहेको बताएका छन् ।

कोलम्बो राष्ट्रिय अस्पताल (सिएनएच) का एक वरिष्ठ अधिकारीका अनुसार, विक्रमासिंघेलाई औषधि सेवन र कम्तीमा तीन दिन आराम गर्न सल्लाह दिइएको छ । अघिल्लो दिन उन डिहाइड्रेटेड भएको रिपोर्ट भएको थियो, जसले मुटुको दर बढाएको थियो । चिकित्सा परीक्षणमा टाउको दुख्ने लक्षणसँगै उच्च मिर्गौला मापदण्ड पनि पाइएको थियो ।

अधिकारीले भने, 'हाल लक्षणहरू गम्भीर छैनन्, तर जटिलता उत्पन्न भएमा अवस्था गम्भीर हुनसक्छ । उचित उपचार भएमा उन निको हुन सक्नुहुन्छ तर तीन दिनसम्म आराम र औषधि आवश्यक छ ।' सावधानीका लागि चिकित्सकहरूले उनलाई इन्टेन्सिभ केयर युनिट (आइसियू) मा स्थानान्तरण गर्ने निर्णय गरेका छन् ।

कोलम्बो फोर्ट मजिस्ट्रेट निलुपुली लंकापुराले उनलाई अगस्ट २६ सम्म हिरासतमा राख्ने आदेश दिएका थिए । सुरुमा उनलाई जेल अस्पतालमा भर्ना गरिएको थियो, तर मेडिकल मूल्यांकनले त्यहाँ आवश्यक विशेषज्ञ उपचार उपलब्ध नभएको देखाएपछि कोलम्बो राष्ट्रिय अस्पतालमा सारिएको थियो ।

न्युजवायर लंकाका अनुसार, राज्य कोष दुरूपयोग गरेको आरोपमा उनलाई शुक्रबार पक्राउ गरिएको थियो । उनीमाथि लण्डनको निजी भ्रमणको खर्च सरकारी कोषबाट भुक्तानी गरेको आरोप छ । उक्त निजी भ्रमणका क्रममा उनले लण्डनमा विश्वविद्यालयको स्नातक समारोहमा भाग लिएको थियो । अनुसन्धानकर्ताहरूले यो भ्रमण आधिकारिक नभए पनि सरकारी खर्चमा भएको दाबी गरेका छन् ।

छ पटक प्रधानमन्त्री बनेका रनिल विक्रमसिंघेले सन् २०२२ जुलाईमा गोटाबाया राजापाक्षलाई विरोध प्रदर्शनले हटाएपछि श्रीलंकाको अन्तरिम राष्ट्रपति बनेका थिए । उनी सन् २०२४ सेप्टेम्बरमा राष्ट्रिय जनशक्तिका नेता अनुरा कुमारा दिसानायकेसँग राष्ट्रपति चुनावमा पराजित भएका थिए । *रासस/एएनआई*

# प्रागमा पहिलोपटक मानव पुर्खा लुसीको प्रदर्शन

**प्राग–** मानव पुर्खा लुसीका ३१ लाख ८० हजार वर्ष पुराना हड्डीका टुक्राहरू सोमबारदेखि प्रागको चेक राष्ट्रिय संग्रहालयमा पहिलोपटक युरोपमा प्रदर्शनीमा राखिएका छन् । यी हड्डीका टुक्राहरू विरलै इथियोपियाबाहिर लैजाने गरिन्छन् ।



अस्ट्रेलोपिथेकस अफारेन्सिस प्रजातिका यी प्राचीन अवशेषहरू सन् १९७४ मा इथियोपियामा फेला परेका थिए । त्यो खोज त्यतिबेला अहिलेसम्मकै सबैभन्दा पूर्णजीवाश्म थियो र यसले मानव पुर्खासम्बन्धी बुझाइमा क्रान्ति ल्याएको छ ।

लुसीका अवशेषसँगै सेलाम नाम दिइएको अर्को जीवाश्म पनि प्रस्तुत गरिने छ । सेलाम लुसीभन्दा झण्डै एक लाख वर्ष पहिले बाँचेको दुई वर्ष सात महिनाको बच्चा अस्ट्रेलोपिथेकस हो । यसको जीवाश्म लुसी फेला परेको २५ वर्षपछि सोही क्षेत्रमा पाइएको हो ।

लुसी पत्ता लगाउने डोनाल्ड जोहानसन र सेलाम पत्ता लगाउने जेरिसेने अलेम्सेगेड दुवै प्रागमा भएको उद्घाटन कार्यक्रममा सहभागी भएका छन् । 'सेलामलाई अहिलेसम्म कहिल्यै इथियोपियाबाहिर प्रदर्शन गरिएको छैन र लुसीलाई केवल एक पटकमात्र संयुक्त राज्य अमेरिकामा देखाइएको थियो,' राष्ट्रिय संग्रहालयका निर्देशक माइकल लुकेसले भने ।

अगस्ट १५ मा अवशेषहरू प्राग आइपुगेपछि उनले यसलाई 'विश्वकै सबैभन्दा बहुमूल्य र प्राचीन पुरातात्त्विक प्रदर्शनीमध्ये एक' भनेर वर्णन गरे । आदीस अबाबामा रहेको इथियोपियाको राष्ट्रिय संग्रहालयले उधारो दिएको ५२ टुक्रा अवशेषहरू 'मानव उत्पत्ति र जीवाश्म' प्रदर्शनीअन्तर्गत ६० दिनका लागि प्रदर्शनीमा राखिने छन् ।

इथियोपियाली हेरिटेज अथोरिटीका निर्देशक अबेबाव अयाल्यु गेल्लाले यो प्रदर्शनीले 'इथियोपियालाई मानव मूलको भूमिका रूपमा प्रवर्द्धन गर्ने' बताए । उनले भने, 'लुसीले मानव पुर्खाको अध्ययनमा क्रान्ति ल्यायो- पहिलो त यसको पूर्णताका कारण र दोस्रो यसको उमेरका कारण । सेलाम आफ्नो युगकै लागि अद्वितीय जीवाश्म हो... यो दुई वर्ष सात महिनाको उमेरमा मरेको बालकको जीवाश्म हो ।'

## बिटल्सबाट प्रेरित नाम

हाल लुसीका जीवाश्म अवशेषमा दन्त टुक्रा, खोपडीका भाग, नितम्बको भाग र तिघ्राको हाडका अंश समावेश छन् । एक दशमलव एक मिटर अग्लो (तीन फिट सात इञ्च) र २९ किलोग्राम (६४ पाउण्ड) तौलकी लुसीको कंकाल अन्तिमपटक इथियोपियाबाहिर सन् २००७ देखि २०१३ सम्म अमेरिकी संग्रहालयहरूको भ्रमणमा देखाइएको थियो ।

उनी पत्ता लाग्दा टोलीले द बिटल्सको 'लुसी इन द स्काई विथ डायमण्ड्स' गीत सुनेका कारण उनको नाम लुसी राखिएको हो । लुसी दुई खुट्टामा हिँड्थिन् र ११ देखि १३ वर्षको उमेरमा मृत्यु भएको अनुमान गरिन्छ । यो उमेरमा यो प्रजातिका लागि वयष्क मानिन्थ्यो ।

पहिले लामो समयसम्म सबैभन्दा पुरानो मानव पुर्खा मानिएकी लुसीलाई सन् १९९४ मा फेला परेको अर्को जीवाश्मले त्यस स्थानबाट हटायो । त्यो थियो अर्डी-अर्डिपिथेकस रामिडस प्रजातिकी महिला । यिनले करिब ४५ लाख वर्षअघि इथियोपियामा जीवन बिताएकी थिइन् ।

सन् २००१ मा चाडमा 'तौमाई' नाम दिइएको छ/सात लाख वर्ष पुरानो खोपडी फेला पर्‍यो, जसले मानव परिवार अझ पुरानो हुनसक्ने संकेत दियो ।

सन् २०१६ को एक अध्ययनले लुसीको माथिल्लो हात असामान्य रूपमा बलियो भएको देखायो । अध्ययनले उनी नियमितरूपमा रूख चढ्ने र रातमा हाँगामा गुँड बनाएर बस्ने गर्थिन् भन्ने सुझाव दियो । तर उनको खुट्टा भने कमजोर थिए, जसले उक्लनमा खासै भूमिका खेल्दैन र हिँड्नमा पनि प्रभावकारी थिएन भन्ने नतिजा आयो ।

त्यसैगरी, उनको एउटा हड्डीमा भेटिएको फ्याक्चरको अध्ययनले लुसी सम्भवतः अग्लो रूखबाट खस्दा मृत्यु भएको थियो भन्ने संकेत दिएको छ । *रासस/एएफपी*

# जापानमा चुनावी हारपछि प्रधानमन्त्री इशिबाको पुनरागमन

**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इशिबाको लोकप्रियता फेरि बढेको छ । एक महिनाअघि भएको चुनावी पराजयले उनको पद संकटमा परे पनि सोमबार सार्वजनिक भएका विभिन्न सर्वेक्षणहरूले उनको समर्थन दर बढ्दै गएको देखाएका छन् ।




गत वर्ष लामो समयदेखि प्रभावशाली लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को नेतृत्व लिएका इशिबाले जुलाईमा भएको माथिल्लो सदनको निर्वाचनमा संसद्को दुवै सदनमा बहुमत गुमाएका थिए । तर स्वघोषित रक्षा नीति विशेषज्ञ एवं मोडेल जहाज निर्माणप्रति रुचि राख्ने इशिबाले पार्टीभित्रैबाट आएको राजीनामा मागलाई बेवास्ता गरेका छन् । एलडिपीले सन् १९५० को दशकदेखि लगभग निरन्तररूपमा जापान शासन गर्दै आएको छ ।

योमिउरी सिम्बुनले सोमबार प्रकाशित गरेको सर्वेक्षणअनुसार इशिबाको मन्त्रीमण्डलको स्वीकृति दर ३९ प्रतिशत पुगेको छ । यो जुलाई २० को निर्वाचनपछि १७ अंकले वृद्धि भएको हो । सोही सर्वेक्षणमा उत्तरदातामध्ये ५० प्रतिशतले इशिबाले पदमा रहनुपर्ने बताएका छन् भने ४२ प्रतिशतले राजीनामा दिनुपर्ने मत दिएका छन् । जुलाईमा भने उल्टो परिणाम आएको थियो- ५४ प्रतिशतले राजीनामा दिनुपर्ने र ३५ प्रतिशतले बसिरहनुपर्ने बताएका थिए ।

क्योदो न्युजको अर्को सर्वेक्षणले पनि समर्थन दर ३५.४ प्रतिशत देखाएको छ । यो गत महिनाको तुलनामा १२.५ अंक बढी हो । अस्वीकृति दर भने अझै उच्च रहँदै ४९.८ प्रतिशत रहेको छ । मैनिची सिम्बुनको तेस्रो सर्वेक्षणमा पनि समर्थन दर चार अंक बढेर ३३ प्रतिशत पुगेको छ । यो फेब्रुअरीयता पहिलोपटक ३० प्रतिशत नाघेको हो ।

## विशाल सम्झौता

योमिउरीले समर्थन बढ्नुमा अमेरिकासँग हालै भएको व्यापार सम्झौता र चामलको मूल्य नियन्त्रण गर्न सरकारको प्रयासलाई कारण मानेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जापानसँग 'विशाल' व्यापार सम्झौताको घोषणा गरेका थिए । सम्झौताअनुसार अमेरिकाले कर २५ प्रतिशतबाट घटाएर १५ प्रतिशतमा ल्याएको छ भने कारमा लगाइएको कर पनि समान दरमा झारिएको छ ।

मतदातामध्ये अमेरिकी व्यापार वार्तामा इशिबाको भूमिकालाई समर्थन गर्नेहरू २९ प्रतिशतबाट बढेर ४२ प्रतिशत पुगेका छन् । साथै, ८६ प्रतिशत उत्तरदाताले धान उत्पादन बढाउने सरकारको निर्णयलाई अनुमोदन गरेका छन् ।

गत वर्षको 'मेगाक्वेक' चेतावनीपछिको आत्तिएको खरिद र सन् २०२३ को गर्मीका कारण आपूर्ति समस्याले चामलको मूल्य आकासिएको थियो । यसलाई नियन्त्रण गर्न इशिबाले लोकप्रिय नेता तथा सम्भावित चुनौतीकर्ता ४४ वर्षीय शिञ्जिरो कोइजुमीलाई नयाँ कृषिमन्त्री नियुक्त गरेका छन् । साथै, सरकारले आपत्कालीन भण्डार बजारमा ल्याएर मूल्य घटाउने प्रयास पनि गरेको छ ।

मिडिया रिपोर्टअनुसार एलडिपीले चुनावको समीक्षा गर्ने र त्यसपछि पार्टी नेतृत्व चुनाव गर्ने वा नगर्ने निर्णय लिने योजना बनाएको छ । ६८ वर्षीय इशिबाले हालै एलडिपीको पूर्णबैठकमा केही सांसदहरूले राजीनामा मागेपछि भनेका थिए, 'म अनुसन्धानको नतिजालाई उचितरूपमा विचार गर्ने छु । विभिन्न कुरा एकैसाथ भइरहेका भएकाले म आफ्नो सोचलाई अझ गहिरो बनाउन चाहन्छु ।'

नेसनल ग्राजुएट इन्स्टिच्युट फर पोलिसी स्टडिजका राजनीति विज्ञ मिकिताका मासुयामाका अनुसार, 'एलडिपीभित्र पार्टी नेतृत्व चुनाव गराउने जोश क्रमशः घट्दै गएको छ । यदि अहिले नेतृत्व परिवर्तनमा जोड दिइयो भने दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित मुद्रास्फीति जस्ता समस्याको समाधान नगरी केवल आन्तरिक राजनीति गर्ने भन्दै एलडिपीले आलोचना भोग्न सक्छ ।' *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४




**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ